एफसी चितवनका अध्यक्ष ढकाल रास्वपाको समानुपातिक सूचीमा पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक २१२ • २०८२ साल पुस १६ गते बुधबार (31 December, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-



# मन्त्रिमण्डल आज विस्तार हुने



**टुडे समाचारदाता**

जनकपुरधाम। मन्त्रालयको भागबण्डा टुंग्याउने प्रयासका बीच मधेश प्रदेश सरकारका सत्तारुढ दलहरूको बैठकबाट सहमति हुन नसकेपछि पुनः बुधबार बैठक बसेर सरकारलाई पूर्णता दिने भएको छ।

मधेश प्रदेश सरकार गठन भएको झण्डै एक महिनापछि बसेको छ दलीय गठबन्धनको बैठकबाट भागवण्डा नमिल्दा मंगलबार हुने भनिएको मन्त्रिमण्डल विस्तार हुन सकेन। बुधबार छ दलीय गठबन्धनको पुनः बैठक बसेर मन्त्रालय बाँडफाँटको टुंगो लगाइ सरकारलाई पूर्णता दिइने अर्थमन्त्री महेशप्रसाद यादवले जानकारी दिए।

जसपा नेपाल र लोसपा नेपाल बीच एकीकरणपछि मधेश प्रदेशमा ठूलो दलको रुपमा उदाएपछि मधेश प्रदेश सरकारमा तीन मन्त्रालयमाथि दाबी गरिरहेको छ। जसपा नेपालले भौतिक पूर्वाधार विकास मन्त्रालय पाउने टुंगो लागे पनि अन्य थप दुई वटा मन्त्रालयमा दाबी गरिरहेको बताइन्छ। त्यस्तै नेपाली कांग्रेसले पनि थप तीन मन्त्रालयमा आफ्नो दाबी गरेको छ भने नेकपा माओवादी केन्द्रले नेकपा एससंग एकीकरण गरेपछि नेपाल कम्युनिष्ट पार्टीले समेत थप दुईवटा मन्त्रालयमा दाबी कायमै राखेको जनाइन्छ। यता जनमत पार्टीले पनि दुई मन्त्रालयमा दाबी गरिरहेको स्रोतको भनाइ छ। प्रदेश सरकारमा रहेका दलहरु नै भागवण्डामा संख्यात्मक रुपभन्दा बढी मन्त्रालयमाथि दाबी गर्न थालेपछि मन्त्रिपरिषद् विस्तारमा समस्या देखिएको छ।

बुधबार प्रदेश सरकारलाई पूर्णता दिने जनमत पार्टीका नेतासमेत रहेका अर्थमन्त्री यादवले बताए। मधेश प्रदेश सरकारमा रहेका ११ मन्त्रालयमध्ये हालसम्म ५ जना मात्र मन्त्री नियुक्त भए पनि ६ वटा मन्त्रालय मुख्यमन्त्री यादवसंगै रहेको छ।

यसअघि बसेको सत्तारुढ दलको बैठक भागवण्डाकै कारण निष्कर्षविहीन बनेको थियो।

## आसन्न प्रतिनिधिसभा निर्वाचन

# हतारमा जसपा-लोसपा एकता घोषणा, संरचनात्मक प्रक्रिया अन्योल

**टुडे समाचारदाता**

जनकपुरधाम। जेन- जी आन्दोलनपछि भएको राजनीतिक परिवर्तनका कारण हुन लागेको प्रतिनिधिसभा निर्वाचनका कारण घनिभूत रुपमा राजनीतिक दलहरु कार्यगत एकतादेखि एकीकरणसम्मको ध्रुवीकरणले मधेश केन्द्रित राजनीति गर्दै आएका दलहरुलाई पनि छोएको छ।

एकातिर सरकारले आगामी फागुन २१ गतेको निर्वाचन हुने छ भने यसका लागि मधेशमा तीव्र रुपमा एकता र एकीकरण प्रक्रियाको नेताहरुलाई चटारो लागेको छ।

विभिन्न असन्तुष्टिका कारण जसपाबाट छुट्टिएर लोसपा नेपाल गठन गरेका महन्थ ठाकुरले अहिले आएर उपेन्द्र यादव नेतृत्वको जसपा नेपालसंग एकता गरेको छ। यसले दुबै दलमा सकारात्मक प्रभाव पनि देखिएको छ। तर जसपा र लोसपाले एकता गरे पनि जसपा नेपालले भने निर्धारित गरेका कार्यक्रमहरुलाई निरन्तरता दिने क्रममा लोसपाका शीर्षनेतालाई बेवास्ता गरिएको टिप्पणी पनि हुन थालेको छ।

एकातिर निर्वाचन र अर्कोतिर पार्टी एकता कारण पार्टीको नाम, झण्डा, चुनाव चिह्न, अध्यक्ष लगायत अन्य पदाधिकारीहरू टुंग्याउन बाँकी नै रहेको छ।



यसअघि लोसपा नेपालसंग वृषेशचन्द्र लाल नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) र हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी (जप्रपा) बीच एकता हुने सहमति भएको थियो। तर ती दलहरूको पनि एकता अहिलेसम्म पनि घोषणा हुन सकेको छैन।

तर तमलोपा र जनता प्रगतिशील पार्टीले लोसपा नेपाललाई स्वीकारिसकेको छ। लोसपा नेपालकै चुनाव चिह्न र झण्डालाई पनि मानिसकेको छ। लोसपा नेपालका एक नेताका अनुसार तमलोपा र जप्रपा लोसपामा समाहित भइसके पनि अहिलेसम्म पद समायोजन गर्न मात्रै बाँकी रहेको दाबी गरेका छन्।

तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले एकता गर्ने सहमति भइसकेको र अन्य विषयमा दल बसेर टुंग्याउने जानकारी दिए। तीन दलबीच एकता गर्ने सहमतिपछि व्यस्तताका कारण बैठक बस्न नसकेको बताए। तर लोसपा नेपाल भने यसबीचमा जसपा नेपालसंग एकता घोषणा गरेपछि साना दललाई बेवास्ता गरिएको देखिन्छ।

जसपा नेपाल- लोसपा नेपाल अहिले आन्तरिक गृहकार्यमा रहेको भनिए पनि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव अहिले जनप्रदर्शन तथा विरोधसभा कार्यक्रम गर्दै हिडेका छन्।

यता लोसपाका महासचिव डा. सुरेन्द्र झाले दुई पार्टीमध्ये कुनै एक दलमा सहमति बनाउने बताए।

महासचिव झाले कुन पार्टी राख्ने र कसको चुनाव चिह्न राख्ने लगायत विषयमा उच्चस्तरीय कार्यदलले निर्णय लिने बताए।

यता अशोक राई नेतृत्वको जसपाका उपाध्यक्ष रेणु यादव समूह पनि जसपा नेपालमा समाहित भएका छन्। जसपा नेपालको नाम, झण्डा र चुनाव चिह्न स्वीकार गरी उनीहरू समाहित भएका छन्। नेताहरूको व्यवस्थापन र जिम्मेवारीको काम पनि सोही कार्यदलले गर्ने जसपा नेपालका एक नेताले बताए।

जसपा नेपाल यसपटक एकीकृत पार्टीमा एक जना मात्र अध्यक्ष रहने सहमति गरेको छ। पार्टीको कार्यकारी अध्यक्षमा उपेन्द्र यादव नै रहने छ भने अभिभावकको भूमिकामा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरलाई जिम्मेवारी दिइने आन्तरिक तयारी रहेको जनाइएको छ। तर यसको औपचारिकता दिन अझै पनि केही समय लाग्ने छ।

# सडक मर्मत-सम्भारको नाममा २२ स्थानबाट टोल टैक्स उठाइने

**टुडे समाचारदाता**

काठमाण्डु। सडक पूर्वधारको दिगो मर्मतसम्भारका लागि संघीय सरकारले सडक उपभोग दस्तुर (टोल टैक्स) २२ स्थानबाट उठाइने भएको छ। सडक बोर्डले सडक उपभोग दस्तुर संकलनलाई डिजिटाइजेसनतर्फ लगेको जनाउँदै सडक उपभोग दस्तुर उठाइने जनाएको छ।

बोर्डले सडक दस्तुर उठाउने कार्यविधि-२०८१ बमोजिम टोल टैक्स संकलन शुरु गरेको छ। गत मंसिर १ गतेदेखि भैरहवा-भूमही सडकमा टोल टैक्स संकलन थालिएको बताइएको छ। उक्त सडक अन्तर्गत भैरहवाको बसन्तपुरस्थित टोलबुथबाट दुईतर्फी चल्ने सवारीसाधनहरुमा विद्युतीय माध्यमबाट टोल टैक्स संकलनको कार्य थालिसकेको छ।




त्यस्तै नागढुंगा सुरुङमार्गमा आरएफआईडी प्रविधिको प्रयोग गरी सवारीसाधनबाट सडक दस्तुर संकलन गर्ने प्रक्रियाका लागि जारीकर्ता बैंक र आरएफआईडी कार्ड (एन ट्याग) को डिजाइन स्वीकृत गरिएको बोर्डका कार्यकारी निर्देशक गणेशबहादुर केसीले जानकारी दिए।

अन्य स्थानबाट टोल टैक्स संकलनका लागि केन्द्र पहिचान गर्न सम्भाव्यता अध्ययनका लागि परामर्श सेवा खरिद गर्न प्रक्रिया अगाडि बढाइएको छ। कोभिड महामारी शुरु हुनुअघि देशभर १४ वटा सडकबाट उठाएको थियो। अहिले देशका २२ स्थानबाट टोल टैक्स उठाउने तयारी थालिएको छ।

हेटौँडा-नारायणघाट, नारायणघाट-बुटवल, नौबिसे-मुग्लिन, धुलिखेल-खुर्कोट, खुर्कोट-सिन्धुलीमाडी-बर्दिबास, भैरहवा-भुमही, पाँचखाल-मेलम्ची र मुग्लिन-नारायाणगढ सडकबाट उठाउने छ। त्यस्तै काँकडभिट्टा-दमक, दमक-इटहरी, विराटनगर-धरान, कोशी-चोहर्वा, चोहर्वा-पथलैया, हेटौँडा-वीरगञ्ज, वीरगञ्ज-पथलैया मुग्लिन-पोखरा, बुटवल-गङ्गाचौकी लगायत दस्तुर उठाउने तयारी छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले देशका सडकहरूको मर्मत-सम्भार कार्यमा अब सधैं सरकारको बजेटले मात्र नपुग्ने भन्दै सडक प्रयोगकर्ताबाट देशभरका सडकमा शुल्क (टोल) लगाउने तयारी भइरहेको बताए। बोर्डका अध्यक्ष समेत रहेका सचिव शर्माले सडक पूर्वाधारको विकास भएपनि त्यसको दिगोपनका लागि मर्मतसम्भार अनिवार्य भएकाले सडक बनेपछि गाडीको भार र मौसमका कारणले पनि बिग्रिने हुँदा त्यसको मर्मत नगरे यातायात सञ्चालनमा लागत बढ्ने बताए।

केन्द्रीय ढुकुटीबाट स्वास्थ्य वा शिक्षाका लागि छुट्याइएको पैसा सडकमा खर्च गर्नु उपयुक्त नहुने तर्क गरे। सडक बोर्डलाई राजस्वको दायरा कम भएकाले सोझै पैसा उपलब्ध गराउन नसकेको स्वीकार्दै निर्माण सम्पन्न भइसकेका सडकहरूमा तत्काल शुल्क लागु गरिने बताए। उनले नारायणगढ-मुग्लिन सडकखण्ड एक वर्षभित्र र मुग्लिन-पोखरा सडकको काम सम्पन्न भएपछि उक्त सडकमा टोल शुल्क लागु गरिने जनाएको छ। यसरी संकलन हुने शुल्क सडक बोर्डलाई प्रदान गरिनेछ।

मर्मतसम्भार भइरहेको वा निर्माणको क्रममा रहेको सडकमा भने टोल शुल्क लगाउन नमिल्ने नियम रहेको उनी बताउँछन्। बाँकी रहेका टोल नलागेका सडकको मर्मतका लागि सरकारले नै अनुदान दिनुपर्ने उनले बताए। बोर्डले सडक मर्मत तथा सम्भारका लागि वित्तीय स्रोतको व्यवस्थापन गर्न र हाल कायम रहेको दस्तुरलाई समयानुकूल पुनरावलोकन गरी बढाउने तयारी गरेको छ। यसअघि २०७६ वैशाखमा १४ वटा सडकको शुल्क राजपत्रमा सार्वजनिक गरेको थियो। उक्त शुल्कलाई बढाउने तयारी गरेको छ। बोर्डका कार्यकारी निर्देशक केसीले यसअघिको दस्तुरलाई समयानुकुल समायोजनका लागि मन्त्रिपरिषद्मा पठाइसकेको बताए।

यसका साथै सडक मर्मत कार्यलाई प्रभावकारी बनाउन 'कार्यसम्पादनमा आधारित मर्मत सम्भार ठेक्का' प्रणालीलाई प्रभावकारी ढंगले लागु गर्ने तथा यातायात व्यवस्थापन क्षमतालाई नियमन गर्नेतर्फ पहल भइरहेको बोर्डले जनाएको छ।

कार्यकारी निर्देशकले देशमा उपलब्ध सीमित साधन र स्रोतका बाबजुद पनि बोर्डले महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको र आगामी दिनमा सडक मर्मतको दिगो व्यवस्थापनतर्फ अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे। त्यस्तै सडक उपभोग दस्तुर संकलन विशेषगरी सडक मर्मत सम्भारका नाममा उठाइने छ।

बोर्डले काम गर्नुपर्ने तर रकम सरकारको खातामा भएकाले चाहिएको बेलामा सडक मर्मतमा सहज रुपमा खर्च गर्न सकिने वातावरण नभएकाले अब यस्तो रकम बोर्डको खातामा आउने व्यवस्था गर्न पहल गर्ने पनि बताए।

निर्देशक केसीले सडक मर्मतमा गरिएको लगानीले देशको समग्र अर्थतन्त्रमा उच्च प्रतिफल दिने भएकाले वैज्ञानिक ढंगले दस्तुर संकलन गरिने बताए। उनले सडक मर्मतमा गरिएको हरेक एक रुपैयाँ खर्चले ३ देखि ४ गुणासम्म सामाजिक र आर्थिक प्रतिफल दिने भएकाले सडक मर्मतलाई राज्यको कर्तव्यको रुपमा लिनुपर्ने बताए।

उनका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा कुल विनियोजित बजेटको ७० प्रतिशत सडक मर्मतमा खर्च भएको छ। बोर्डले आर्थिक वर्ष २०८१/०८२ मा रणनीतिक सडक मर्मततर्फ नियमित मर्मतमा वार्षिक लक्ष्य ७ हजार ९३६ किलोमिटर रहेकोमा शतप्रतिशत सम्पन्न गरेको छ।



# बस्तीबस्तीमा दाउरा पुऱ्याएर आगो बालिँदै



महोत्तरी । दिनदिनै जाडो बढ्दै गएपछि महोत्तरीको भङ्गाहा नगर कार्यपालिकाको कार्यालयले बस्तीहरूमा दाउराका मुढा वितरण थालेको छ।

नगरपालिकाका नौवटै वडाका बस्तीबस्तीका चोक, बजार, सार्वजनिक दलान र विभिन्न जनसरोकारका कार्यालयमा जाडोबाट बच्न राहतका लागि दाउरा वितरण सोमबार थालिएको नगरप्रमुख सञ्जीवकुमार साहले बताउनुभयो । "जाडो निकै बढ्यो, तत्काल राहतका लागि दाउरा वितरण थाल्यौँ, पहिलो चरणमा सोमबार साँझसम्म नौवटै वडाका सबै बस्तीमा पुऱ्याइएको छ", नगरप्रमुख साहले भन्नुभयो, "यसले यो शीतलहरमा जीउ तताउन थोरै राहत दिनेछ।"

बस्तीबस्तीमा सशस्त्र प्रहरी बेस क्याम्प भङ्गाहाका सशस्त्र प्रहरीका जवानसहितको वितरण टोलीले ठाउँठाउँमा दाउराकामुडा झार्दै आगो सल्काइने गरिएको साहले जानकारी दिनुभयो । दाउरा वितरणसँगै जारी शीतलहरमा गरिब बस्तीमा थप राहतको आवश्यकता रहेको उहाँको भनाइ छ । यस कार्यमा सहयोग समन्वय बढाइदिन उहाँले विभिन्न सामाजिक सङ्घसंस्था, जिल्ला विपद् व्यवस्थापन समिति र राज्यका निकायहरूसँग अपिल गर्नुभएको छ।

"हाम्रो नगर क्षेत्रमा मुसहर, बाँतरसहितका अत्यन्त गरिब बस्ती धेरै छन्, यो अप्ठ्यारो बेलामा यस्ता बस्तीमा थप राहतको जरुरी छ", साह भन्नुहुन्छ, "यस कार्यमा सहयोग गर्न सबै पक्षसँग अनुरोध छ ।" शीतलहरको यो प्रकोपमा आगोमा जीउ तताउन पाएपछि सर्वसाधारणले केही राहत महसुस गरेका छन् ।

जिल्लामा यसपालि पुस ३ गते सुरु भएको शीतलहर पछिल्ला तीन/चार दिनयता झन् बढ्दैछ । जिल्लाको सुदूर उत्तरी भेगका बर्दिबास र गौशाला नगरक्षेत्रका पूर्वपश्चिम राजमार्ग आसपासका बस्तीमा त्यसयता एकाध दिन मध्याह्नपछि झल्याकझुलुक घाम देखिए पनि मध्य र दक्षिणी भेगमा घाम देखिएको छैन।

गत शनिबारयता बर्दिबास र गौशालाका यी भेगमा पनि घाम नदेखिएको गौशाला-८ सँग सीमा जोडिएको बर्दिबास-५ का वडाध्यक्ष काहारमान स्याङ्वाले बताउनुभयो। चारैतिर डम्म बाक्लो हुस्सुले ढाकेर मुटु कमाउने जाडो बढिरहेपछि जिल्लाका सबै क्षेत्रमा दाउराको माग बढेको छ। रासस

# मधेश प्रदेश सरकार गठन भएको एक महिनासम्म पनि मन्त्रिमण्डल अपूर्ण




जनकपुरधाम । मधेस प्रदेशमा मुख्यमन्त्री कृष्णा यादवको नेतृत्वमा नयाँ सरकार गठन भएको झण्डै एक महिना पुग्न लाग्दा पनि मन्त्रिमण्डलले पूर्णता पाउन सकेको छैन।

सरकार गठनसँगै चुस्त, प्रभावकारी र जनमुखी शासन सञ्चालन गर्ने प्रतिबद्धता जनाइए पनि हालसम्मको अवस्था त्यसविपरीत देखिएको छ । छ दलको समर्थनमा गत मङ्सिर १९ गते प्रदेश प्रमुखको कार्यालयबाट मुख्यमन्त्रीमा नियुक्त हुनुभएका यादवले पुस ४ गते प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरिसक्नुभएको छ । विश्वासको मत पाएको १० दिनभन्दा बढी भइसक्दा पनि मन्त्रिमण्डल विस्तार हुन नसक्दा सरकारको कार्यक्षमता र स्थायित्व प्रभावित बनेको जानकारहरू बताउँछन्।

प्रदेश सरकारअन्तर्गत ११ वटा मन्त्रालय रहेकामा हालसम्म पाँच जनामात्र मन्त्री नियुक्त भएका छन्।

बाँकी छ मन्त्रालय मन्त्रीविहीन रहँदा प्रशासनिक निर्णय, नीति कार्यान्वयन तथा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्न थालेको विश्लेषकहरूको भनाइ छ। जसपा नेपाल, जनमत पार्टी, नेपाली कांग्रेस, माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादी पार्टीको समर्थनमा बनेको वर्तमान सरकारले तत्काल पूर्णता नपाएमा जनअपेक्षा पूरा गर्नेमा शङ्का उत्पन्न हुने विश्लेषकहरू बताउँछन्।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले शिक्षा तथा संस्कृति मन्त्रालय, जनमत पार्टीले अर्थ मन्त्रालय, नेपाली कांग्रेसले स्वास्थ्य मन्त्रालय, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय पाइसकेका छन्। यसैगरी, जनता समाजवादी पार्टी (जसपा) ले सभामुख पद प्राप्त गरेको छ।

नेपाली कांग्रेसका प्रमुख सचेतक कुमारकान्त झाले मन्त्रिमण्डललाई पूर्णता दिन अझै केही दिन लाग्ने बताउनुभयो । दलहरूभित्र आन्तरिक छलफल, मन्त्री छनोट तथा आवश्यक प्रक्रियाका कारण समय लागेको उहाँको भनाइ छ। "सरकार विस्तार ढिलो भएको जस्तो देखिए पनि दलहरूभित्र आवश्यक छलफल भइरहेको छ । केही दिनभित्र मन्त्रिमण्डल पूर्णता पाउँछ", झाले भन्नुभयो।

> "सरकार विस्तार ढिलो भएको जस्तो देखिए पनि दलहरूभित्र आवश्यक छलफल भइरहेको छ । केही दिनभित्र मन्त्रिमण्डल पूर्णता पाउँछ"

प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का संसदीय दलका नेता तथा निवर्तमान मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रिमण्डल अपूर्ण रहँदा प्रदेश सरकार कमजोर देखिएको टिप्पणी गर्दै तत्काल मन्त्रिमण्डल विस्तार गर्न माग गर्नुभयो। "अब सरकारले ढिलाइ गर्नुहुँदैन। तुरुन्त मन्त्रिमण्डललाई पूर्णता दिएर काममा अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "मन्त्रिमण्डल अपूर्ण रहनु सरकारको कमजोरी हो, यसले जनतालाई सेवा प्रवाहमा समस्या पुऱ्याउन सक्छ।"

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता युवराज भट्टराईले मन्त्रालय बाँडफाँटको विषय टुङ्गिसकेको बताउँदै मुख्यमन्त्री काठमाडौँबाट फर्किएसँगै सरकार विस्तार हुने उल्लेख गर्नुभयो। उहाँका अनुसार मुख्यमन्त्री यादव हाल आसन्न निर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रियामा व्यस्त रहेकाले मन्त्रिमण्डल गठनमा ढिलाइ भएको हो।

राजनीतिक समन्वय, दलभित्रको शक्ति सन्तुलन र निर्वाचन केन्द्रित गतिविधिका कारण सरकार विस्तार प्राथमिकतामा नपरेको देखिए पनि लामो समयसम्म मन्त्रिमण्डल अपूर्ण रहनु प्रदेशको सुशासन, विकास निर्माण तथा दैनिक प्रशासनिक कामकाजका लागि प्रतिकूल हुने भन्दै नागरिक समाज र प्रशासनिक क्षेत्रबाट चिन्ता व्यक्त हुन थालेको छ। रासस

# शीतलहरका कारण राजविराजका विद्यालयमा बिदा




राजविराज । शीतलहरले जनजीवन प्रभावित हुन थालेपछि सप्तरीका राजविराजसहित तीन पालिकाले विद्यालयमा बिदा दिएका छन्।

राजविराज नगरपालिकाकावरिष्ठशिक्षाअधिकृत भोगेन्द्रप्रसाद यादवद्वारा आज यहाँ जारीसूचनाअनुसार अगामी तीन दिनका लागि राजविराज नगरपालिकाभरिका सम्पूर्ण विद्यालय बिदा दिइएको छ। यही पुस १६ देखि १८ गतेसम्मका लागि विद्यालय बन्द रहने जनाइएको छ।

त्यस्तै जिल्लाको महादेवा र अग्नीसाइर कृष्णासवरण गाउँपालिकाले पनि पुस १६ देखि १८ गतेसम्म तीन दिन विद्यालयमा बिदा दिएको जनाइएको छ । महादेवा गाउँपालिकाका अध्यक्ष सुनिलकुमार मण्डलले एक सूचना जारी गर्दै चिसो बढेसँगै बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने हुनाले बिदा दिइएको उल्लेख छ।

त्यसैगरी अग्निसाइर कृष्णासवरण गाउँपालिकाका कार्यवाहक अध्यक्ष कल्पनाकुमारी चौधरी र प्रमुख प्रशासकीय अधिकृत धिरेन्द्रकुमार यादवद्वारा हस्ताक्षरित सूचनामा पालिकाअन्तर्गतका सामुदायिक, धार्मिक तथा संस्थागत सबै विद्यालयमा तीन दिनका लागि बिदा दिएको जारी सूचनामा उल्लेख छ। यसअघि जिल्लाको डाक्नेश्वरी नगरपालिकाका र राजगढ गाउँपालिकाले पालिकाअन्तर्गतका सबै निजी तथा सामुदायिक विद्यालयमा पाँच दिनका लागि बिदा दिइसकेको छ। ती दुवै पालिकाले पुस १८ गते शुक्रबारसम्म पाँच दिनको बिदा दिएको छ । साथै बोदेवरसाइन नगरपालिकाले पनि जाडो बिदा दिएर त्यहाँका सबै बिद्यालय बन्द गराइएको थियो । बढ्दो चिसोलाई कारण देखाउँदै पुस ९ देखि १३ गतेसम्म विद्यालय बन्द गरेको थियो।

सप्तरीमा शीतलहरले जनजीवन प्रभावित बन्दै गएको छ। बिहान बेलुका हुस्सु लाग्ने र दिउँसो चिसो हावा चल्ने गरेका कारण बालबालिका, वृद्ध, पशु चौपायासमेत प्रभावित भएका छन् । अहिले चिसोका कारण विभिन्न अस्पतालमा बिरामीको चाप बढेको छ। राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा दैनिक बिरामी आउने क्रम बढेको जनाइएको छ । खासगरी रुघाखोकी, ज्वरो तथा दमका बिरामी यहाँ उपचारका लागि आउने गरेका अस्पताल प्रशासनले जनाएको छ । जिल्लाको अन्य स्वास्थ्यचौकीमा बिरामीको चाप बढेको छ। रासस

# वीरगञ्जले २६ सय क्विन्टल बढी धान खरीदे

**टुडे समाचारदाता**

वीरगञ्ज । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगन्ज शाखाले २ हजार ६ सय ६४ क्विन्टल ९५ किलो धान खरिद गरेको छ।

शाखाका सूचना अधिकृत मुनिलाल कुशवाहाले पुस ६ देखि धान खरिद सुरु गरिएकोमा सोमबारसम्म यति परिमाणमा धान खरिद भएको बताए । शाखाले यस वर्षदेखि टोकन प्रणालीबाट किसानको धान खरिद गर्न थालेको हो। यो प्रणालीले कार्यालय र किसान दुबैलाई सहज भएको उनको भनाई छ।

यसअघिनै किसानलाई ४० क्विन्टल धान खरिदको दरले टोकन वितरण गरिसकेकाले किसानले आफ्नो पालो परेको दिनमात्र धान बिक्री गर्न ल्याइरहेकाले अघिल्ला वर्षको जस्तो भीड नभई व्यवस्थित ढंगबाट खरिदबिक्री भइरहेको उनले बताए।



धान खरिद गर्नुअघि कार्यालयबाट १ सय ७० वटा टोकन वितरण गरिएको थियो। केही किसानले शीतलहरका कारण धान ल्याउन अप्ठेरो भएको बताइरहेका छन् । लक्ष्य अनुरुप टोकन लगेका किसानले धान नल्याए वैकल्पिक व्यवस्थाका लागि थप एक दर्जन किसानलाई टोकन वितरण गरिएको उनले बताए।

टोकन पाएका किसानबाट लक्ष्य अनुरुप धान नआए प्रतिक्षा सूचीमा रहेका किसानबाट खरिद गरिने उनले बताए। हालसम्म पर्सा, बारा र रौतहट जिल्लाबाट समेत किसानले धान बिक्रीका लागि ल्याइसकेका छन् । शाखाबाट सर्लाहीका किसानले पनि टोकन लगेका छन्।

यस वर्ष शाखाले १० हजार क्विन्टल धान खरिदको कोटा पाएको छ। टोकन लगेका किसानबाटै यति परिमाणमा धान खरिद हुने सम्भावना रहेको कुशवाहाले भने । यसवर्ष पनि अन्य वर्ष जस्तै सोना मन्सुली धान मात्र केन्द्रले खरिद गरिरहेको छ। सोना मन्सुली धानको समर्थन मूल्य संघीय सरकारले यस वर्ष प्रतिक्विन्टल ३ हजार ६ सय २८ रुपैयाँ ३३ पैसा निर्धारण गरेकाले शाखाले पनि सोही मूल्यमा खरिद गरिरहेको छ।


गत वर्ष शाखाले ४२ हजार क्विन्टल धान खरिदको कोटा पाएको थियो । तर निजी क्षेत्रबाटै राम्रो मूल्य पाएपछि शाखामा लक्षित परिमाणमा धान बिक्री गर्न किसान आएनन् । गत वर्ष ३२ हजार क्विन्टल सोना मन्सुली र १० हजार क्विन्टल जिरा मसिनो धान खरिदको लक्ष्य शाखाको थियो।

सामान्यतया खाद्यले धान खरिद सुरु गर्नुअघि यस भेगमा निजी व्यवसायीले धान खरिद सुरु गरी सक्छन् । निजी क्षेत्रले सरकारले तोकेको समर्थन मूल्य भन्दा बढी मूल्य दिएपछि किसानले खाद्यलाई भन्दा व्यापारीलाई धान बिक्री गर्न रुचाउँछन्।

# पूर्वपश्चिम महेन्द्र राजमार्ग अवरुद्ध

चन्द्रपुर पूर्वपश्चिम राजमार्गअन्तर्गत रौतहटको चन्द्रनिगाहपुर-धन्सार सडकखण्डको लमाह पुल नजिक मंगलबार बिहान एलपी ग्यास बोकेको ट्याङ्कर दुर्घटना हुँदा राजमार्ग अवरुद्ध भएको छ।

भारतको रक्सौलबाट एलपी ग्यास बोकेर धनुषाको महेन्द्रनगरतर्फ जाँदै गरेको युपी १७ एटी २११४ नम्बरको ट्याङ्कर आज बिहान दुर्घटना भएको हो। दुर्घटनामा ट्याङ्कर चालक भारतको कदोरा जिल्ला जयनगर थाना निवासी ३५ वर्षीय पवन यादव घाइते हुनुभएको छ। घाइते चालकको चन्द्रनिगाहपुरस्थित सिभिल अस्पतालमा उपचार भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख राजेन्द्र थापामगरले जानकारी दिनुभयो।



हाल पूर्वबाट आएका सवारीसाधन चन्द्रनिगाहपुरस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय अगाडि र पश्चिमतर्फबाट आएका सावारीसाधन धन्सार पुल नजिक रोकिएको ट्राफिक प्रहरी प्रमुख थापामगरले बताउनुभयो। ट्याङ्कर बीच सडकमा दुर्घटना हुँदा सडक अवरुद्ध भएको छभने ग्यास लिक भइरहेकाले दुर्घटनाको जोखिम बढिरहेको छ। उक्त ग्यास ट्याङ्कर उठाउनका लागि जनकपुरबाट ग्यास कम्पनीका प्राविधिकसहितको टोली आउँदै गरेको उहाँले जानकारी दिनुभयो। रासस

# शीतलहर प्रभावित क्षेत्रमा दाउरा वितरण

राजविराज । शीतलहरले जनजीवन प्रभावित हुन थालेपछि राजविराज नगरपालिकाले नगर क्षेत्रभित्र दाउरा वितरण सुरु गरेको छ।

नगरका कार्यवाहक प्रमुख इसरत परविनका अनुसार ट्र्याक्टरमार्फत नगरपालिकाका कर्मचारीको टोलीले नगरको चोक र अस्पतालमा दाउरा वितरण सुरु गरेको हो।

कार्यवाहक प्रमुख परविनले विगत एक हप्तादेखि बढेको जाडोबाट प्रभावित स्थानमा दाउरा अभावमा कसैले कठ्याङ्ग्रिनु नपरोस् भन्ने उद्देश्यले निःशुल्क वितरण गरिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "अहिले आफ्नो दैनिकी जीवन चलाउन कामसँगै सबैले न्यानो भएर बस्न आवश्यक छ। बजार, अस्पताल, कार्यालय आउने कर्मचारी तथा सर्वसाधारणलाई न्यानोका लागि यो दाउराले थोरै भए पनि जाडो छल्न राहत मिल्नेछ।" नगरपालिकाका अनुसार मुख्य बजारसहित वडा नं. १, २, ३, ४, ५, ६ र ७ वडामा दाउरा वितरण गरिएको छ। राजविराज नगरपालिका-७ का स्थानीय राजेश चन्द्र यादवले दाउरा वितरण थालिएपछि सर्वसाधारणलाई चिसोबाट थोरै राहत महसुस भएको बताउनुभयो । शीतलहरका कारण जनजीवन प्रभावित भएपछि सप्तरीका राजविराजसहित तीन स्थानीय तहले विद्यालयमा बिदा दिएका छन् । चिसोकै कारण राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा दैनिक बिरामी आउने क्रम बढेको जनाइएको छ। रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आत्मविश्वास बढ्ने दिन हो। काममा नयाँ जिम्मेवारी आउन सक्छ। |
| वृष : | मन शान्त रहनेछ । पुराना काम पूरा हुने संकेत छ। |
| मिथुन : | बोलिचालीले काम बन्नेछ। सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ। |
| कर्कट : | भावनात्मक पक्ष बलियो रहनेछ । आर्थिक निर्णय सोचेर गर्नुहोस्। |
| सिंह : | नेतृत्व क्षमता देखिनेछ। काममा प्रशंसा पाइनेछ। आत्मविश्वास बढ्नेछ। |
| कन्या : | योजना अनुसार काम अघि बढ्नेछ। सानो लाभको योग छ। |
| तुला : | सम्बन्धमा मिठास बढ्नेछ। साझेदारी काम लाभदायक हुनेछ। |
| वृश्चिक : | गोप्य कुरा बाहिर नल्याउनु राम्रो । काममा ध्यान केन्द्रित गर्नुहोस्। |
| धनु : | नयाँ अवसर देखिन सक्छ। यात्राको योग बलियो छ। |
| मकर : | मेहनतको फल पाइनेछ । काममा जिम्मेवारी बढ्नेछ। |
| कुम्भ: | नयाँ सोच विकास हुनेछ। |
| मीन : | मन संवेदनशील रहनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सुत्केरी उद्धारमा सेनाको प्रेरक भूमिका



सुनसरी । दुर्गम पहाडी तथा विकट भेगमा जहाँ सडक पहुँच छैन, एम्बुलेन्स सञ्चालन गर्न नसकिने र अस्पताल पुग्न दुई/तीन दिन लाग्ने अवस्था छ, त्यहाँ नेपाली सेनाको हेलिकप्टर आकस्मिक उद्धारको महत्वपूर्ण माध्यम बनेको छ। गर्भवती र सुत्केरी महिलाका लागि यस्तो उद्धार धेरै जिल्लामा जीवन जोगाउने प्रमुख विकल्प बनेको छ।

गत असोज २१ गते भोजपुरको रामप्रसादराई गाउँपालिका-१ ओखेबाट ३९ वर्षीया सुत्केरी महिला निर्मला राई र उहाँका नवजात शिशुलाई सेनाको हेलिकप्टरमार्फत उद्धार गरी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्‍याइएको थियो । असोज महिनामा निरन्तर वर्षाका कारण बाटो भत्किएको र स्थलमार्गबाट अस्पताल लैजान नसकिने अवस्था थियो । सेनाको हेलिकप्टर उद्धारले जीवन र मृत्युबीचको संवेदनशील घडीमा राहत पुगेको र नेपाली सेनाको प्रेरक भुमिकाको एक उदाहरण बन्यो ।

निर्मलाका श्रीमान् अनुपकुमार राईले भन्नुभयो, "असोजको महिना, त्यही पनि पहाडको ठाउँ, पानी परेर बाटो सबै भत्किएको थियो बच्चा समयभन्दा केही छिटो जन्मिएकाले समयमा उपचार नपाए गाह्रो हुने डर थियो ।" सेनाको हेलिकप्टरमार्फत आमा र बच्चालाई धरान पुर्‍याएपछि विस्तारै स्वास्थ्यमा सुधार हुँदै गयो । त्यहाँ १३ दिनको उपचारपछि राई दम्पत्ती गाउँ फर्कियो । उहाँ भन्नुहुन्छ, "सङ्कटको बेला सेनाको हेलिकप्टर, स्थानीय स्वास्थ्यकर्मी र स्थानीय प्रशासन हाम्रो लागि जीवनदायी सावित हुनुभयो। त्यो दिन उहाँहरू हाम्रो परिवारका लागि भगवान सरह हुनुभयो।"

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतका अनुसार दुर्गम तथा पहुँचविहीन क्षेत्रमा आकस्मिक अवस्थामा परेका गर्भवती र सुत्केरी महिला उद्धार सरकारको निर्णयअनुसार नियमित रूपमा हुँदै आएको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत सुत्केरी महिला उद्धारकार्य सञ्चालन हुँदै आएको छ । यसमा सेनाले सम्बन्धित मन्त्रालय, स्थानीय सरकार स्थानीय प्रशासन र स्वास्थ्य संस्थासँग समन्वय गरी आकस्मिक अवस्थामा परेका गर्भवती तथा सुत्केरी महिलालाई अस्पतालसम्म पुर्‍याउने काम गर्दै आएको छ। यसले मातृ तथा नवजात शिशुको ज्यान जोगाउन निर्णायक भूमिका खेलेको छ।

भोजपुरको उद्धार कुनै एकल घटना होइन, यस्ता उद्धार नेपाली सेनाले देशका विभिन्न दुर्गम जिल्लामा नियमित रूपमा गर्दै आएको छ। सडक र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच सीमित हुँदा सेनाको उद्धार नै अन्तिम विकल्प बन्ने गरेको छ । पछिल्ला वर्षमा सेनाको हेलिकप्टरमार्फत सयौँ गर्भवती र सुत्केरी महिलाको समयमै उद्धार भएको छ। स्वास्थ्य पूर्वाधार कमजोर रहेका दुर्गम भेगमा सेनाको यस्तो भूमिका केवल उद्धारमा मात्र सीमित छैन, यसले राज्यको उपस्थिति, भरोसा र मानवीय उत्तरदायित्व गाउँगाउँसम्म पुर्‍याएको छ।

जनताको पहुँच अस्पतालभन्दा टाढा छ, त्यहाँ सेनाको हेलिकप्टर आज पनि जीवनको देवदूत बनेर उडिरहेको छ। सेनाको तथ्याङ्कअनुसार गत तीन आर्थिक वर्षमा देशका विभिन्न दुर्गम जिल्लाबाट हेलिकप्टरमार्फत ३१६ गर्भवती तथा सुत्केरी महिलाको उद्धार गरिएको छ । आर्थिक वर्ष २०८०/८१ मा १३९ जना, आव २०८१/८२ मा १३८ जना र चालु आवको मङ्सिरसम्ममा ३९ जना उद्धार भएका छन् । सैनिक प्रवक्ता बस्नेतका अनुसार सडक पहुँच नभएका दुर्गम पहाडी तथा हिमाली जिल्लामा यस्ता उद्धारले जीवन र मृत्युबीचको घडीमा मातृ तथा नवजात शिशुको ज्यान जोगाउन निर्णायक भूमिका खेलेको छ । दुर्गम भेगमा स्वास्थ्य पूर्वाधार कमजोर रहेकाले सेनाको हेलिकप्टरबाट उद्धार कार्यक्रमले राज्यको उपस्थिति, भरोसा र मानवीय उत्तरदायित्व भूमिका खेलेको छ।

आकस्मिक अवस्थामा परेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै स्वास्थ्य सेवासम्म पुर्‍याउने उद्देश्यले सुर्खेतमा रहेको पश्चिम एयरवेसमा 'स्ट्यान्डबाई' हेलिकप्टर र स्काइ जहाज राखिएको छ, जसले सुदूरपश्चिमका जाजरकोट, हुम्ला, जुम्लालगायत जिल्लामा तत्काल उद्धार सहज बनाएको छ । सेनाको हेलिकप्टर उद्धार कार्यक्रमले मातृ तथा नवजात शिशुको ज्यान जोगाउने मात्र होइन, राज्यको उपस्थिति, भरोसा र मानवीय उत्तरदायित्व गाउँगाउँसम्म पुर्‍याएको प्रवक्ता बस्नेतले बताउनुभयो। कोशी प्रदेशमा अन्य जिल्लाको तुलनामा खाँदबारी, सङ्खुवासभा र सोलुखुम्बु भौगोलिक विकटता तथा स्वास्थ्य सेवाको सीमित पहुँच रहेका जिल्लाबाट गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धारको सङ्ख्या उच्च रहेको छ।

नेपाली सेनाका अनुसार भौगोलिक रूपमा अत्यन्त विकट मानिने ओखलढुङ्गा जिल्लाबाट आव २०८०/८१ मा ३८, आव २०८१/८२ मा २१ तथा चालु आवको हालसम्म्म दुई गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको छ। सङ्खुवासभा जिल्लाबाट आव २०८०/८१ मा १२ जना, आव २०८१/८२ मा १४ जना तथा चालु आवको हालसम्म दुई जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको सेनाको तथ्याङ्कमा उल्लेख छ । त्यसैगरी सोलुखुम्बु जिल्लाबाट भने आव २०८०/८१ मा सात, आव २०८१/८२मा चार तथा चालु आवको हालसम्म तीन गर्भवती र सुत्केरी महिलाको सेनाको हवाईमार्फत उद्धार गरिएको छ।

> नेपाली सेनाका अनुसार भौगोलिक रूपमा अत्यन्त विकट मानिने ओखलढुङ्गा जिल्लाबाट आव २०८०/८१ मा ३८, आव २०८१/८२ मा २१ तथा चालु आवको हालसम्म्म दुई गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको छ । सङ्खुवासभा जिल्लाबाट आव २०८०/८१ मा १२ जना, आव २०८१/८२ मा १४ जना तथा चालु आवको हालसम्म दुई जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको सेनाको तथ्याङ्कमा उल्लेख छ । त्यसैगरी सोलुखुम्बु जिल्लाबाट भने आव २०८०/८१ मा सात, आव २०८१/८२मा चार तथा चालु आवको हालसम्म तीन गर्भवती र सुत्केरी महिलाको सेनाको हवाईमार्फत उद्धार गरिएको छ ।

शल्यक्रियासहितको प्रसूति सेवा उपलब्ध नहुँदा गम्भीर अवस्थामा परेका गर्भवती तथा सुत्केरी महिलाको उपचार स्थानीय तहमा सम्भव नहुने अवस्था रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। विशेषज्ञ चिकित्सक, आवश्यक पूर्वाधार तथा उपकरणको अभावका कारण ग्रामीण तथा पहाडी बस्तीका महिला अझै पनि उच्च जोखिममा पर्ने गरेको जनाइएको छ। सेनाले उपलब्ध गराएको तथ्याङ्कअनुसार कोशी प्रदेशमा हवाई उद्धारको दृष्टिले ओखलढुङ्गा, सङ्खुवासभा र सोलुखुम्बु जिल्लाबाट सबैभन्दा बढी गर्भवती तथा सुत्केरी महिलाको उद्धार गरिएको छ । दुर्गम भौगोलिक अवस्था, सडक सञ्जालको अभाव तथा प्रसूति सेवाको सीमितताका कारण यी जिल्लाबाट हवाई उद्धारको आवश्यकता बढी देखिएको सेनाले जनाएको छ।

सरकारले राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत नेपाली सेनाको सहकार्यमा जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै हवाई उद्धार गर्दै आएको छ। लामो प्रसव बेथा, बच्चा जन्मन कठिनाइ, गर्भमा शिशुको मृत्यु तथा सुत्केरीपश्चात् अत्यधिक रक्तस्रावजस्ता अवस्थामा यो सेवा प्रभावकारी सावित हुँदै गएको छ । दुर्गम भेगमा जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि सेनाको हवाई उद्धार कार्यक्रमले मातृ तथा नवजात शिशुको ज्यान जोगाउने मात्र होइन, राज्यको उपस्थितिलाई गाउँगाउँसम्म महसुस गराउँदै स्वास्थ्य सेवाप्रति भरोसा बढाउने काम भएको छ।

राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा सञ्चालन हुँदै आएको सुत्केरी महिला हवाई उद्धार कार्यक्रम सङ्खुवासभामा नेपाली सेनाको भूमिका प्रभावकारी बन्दै गएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी रोशन श्रेष्ठले बताउनुभयो । "जटिल अवस्थामा रहेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै उद्धार गरी आवश्यक उपचारका लागि उपयुक्त अस्पतालसम्म पुर्‍याउन सेनाले गर्दै आएको काम प्रशंसनीय छ," उहाँले भन्नुभयो। उहाँका अनुसार गर्भवती, प्रसूति, सुत्केरी तथा नवजात शिशुको समयमै हवाई उद्धार गरिएकाले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था धेरै हदसम्म न्यूनीकरण भएको छ। समयमै उद्धार भएकै कारण मातृ तथा नवजात शिशुको ज्यान जोगाउन सकिएको उहाँले उल्लेख गर्नुभयो।

स्वास्थ्य कार्यालयका अनुसार उद्धार गरिएका महिलामध्ये लामो समयसम्म प्रसव बेथा लाग्ने, बच्चा जन्माउन कठिनाइ हुने, गर्भमै शिशुको मृत्यु हुने, शरीर अत्यधिक सुन्निने, अत्यधिक रक्तस्राव तथा गम्भीर रक्तअल्पताजस्ता जटिल समस्या देखिएका छन् । यस्तो अवस्थामा स्थानीय स्वास्थ्य चौकी वा प्रमुख जिल्ला अधिकारीमार्फत ज्यान जोखिममा रहेको जानकारी प्राप्त भएपछि सम्बन्धित मन्त्रालयसँगको समन्वयमा नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिँदै आएको छ।

भौगोलिक रूपमा दुर्गम रहेका सङ्खुवासभाका धेरै स्थानमा जहाँ आवश्यक पर्छ, त्यहाँ सम्बन्धित निकायसँग समन्वय गरी जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको उद्धार नेपाली सेनाले गर्दै आएको छ । उद्धारको आवश्यकताअनुसार हवाई साधन परिचालन गरिने र हेलिकप्टरको क्षमता, मौसम तथा भौगोलिक उचाइ (अल्टिच्युड)लाई ध्यानमा राखी आवश्यक जनशक्ति खटाइने गरेको उहाँले बताउनुभयो। उद्धार टोलीमा विशेषगरी मेडिकलसम्बन्धी ज्ञान तथा तालिम प्राप्त सैनिकलाई प्राथमिकताका साथ परिचालन गरिने व्यवस्था छ।

सैनिक प्रवक्ता बस्नेतका अनुसार

दुर्गम भौगोलिक अवस्था, कमजोर पूर्वाधार र सीमित स्वास्थ्य सेवाबीच जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत नेपाली सेनाको हवाई उद्धार कार्यक्रम आशाको भरपर्दो माध्यम बन्दै गएको छ। समयमै गरिने समन्वय, आवश्यक क्षमताको हवाई साधन र दक्ष जनशक्तिको परिचालनले आकस्मिक अवस्थालाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सहयोग पुगेको छ। यसले केवल जीवन रक्षा मात्र होइन, दुर्गम भेगका महिलालाई सुरक्षित मातृत्वप्रति भरोसा दिलाउँदै राज्य संवेदनशील र जिम्मेवार रहेको अनुभूति गराएको छ। जीवनका सबैभन्दा संवेदनशील घडीमा नेपाली सेनाको यस्तो सक्रियता मातृ तथा नवजात शिशु सुरक्षामा प्रेरक उदाहरणका रूपमा स्थापित हुँदै गएको छ। रासस

# 'ज्येष्ठ नागरिकका ज्ञान र अनुभवलाई विकाससँग जोड्नु आवश्यक छ'

विराटनगर । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालालेसमाजमाज्येष्ठनागरिकको योगदान र अनुभवलाई विकाससँग जोड्नु आवश्यक रहेको बताउनुभएको छ।

ज्येष्ठ नागरिक कार्यसमिति विराटनगर-६ को तेस्रो साधारणसभालाई आज सम्बोधन गर्दै प्रमुख कोइरालाले ज्येष्ठ नागरिकको ज्ञान, अनुभव र सीपलाई समाजको विकाससँग आवश्यक रहेको औंल्याउनुभयो।




प्रमुख कोइरालाले महानगरपालिकाले ज्येष्ठ नागरिकमैत्री नीति र कार्यक्रम विस्तार गर्नेप्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "ज्येष्ठ नागरिकलाई बोझ होइन, प्रेरणाका स्रोतका रूपमा सम्मान गर्ने संस्कार विकासको साँचो आधार हो । घर-परिवार, समाज र राज्य-तीनै तहबाट उहाँहरूप्रति संवेदनशीलता बढाउनु जरुरी छ।"

सो अवसरमा ज्येष्ठ नागरिकको भवनका लागि जग्गा खरिद गर्ने आर्थिक सहयोग गर्ने व्यक्तिहरूलाई सम्मानसमेत गरिएको थियो।

समितिका अध्यक्ष अमरबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा विराटनगर-६ का अध्यक्ष हरिश्चन सहनी (अक्षेय), ज्येष्ठ नागरिक महानगर समितिका अध्यक्ष सुरेशकुमार श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। रासस

**मधेश प्रदेश सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

## स्वास्थ्य निर्देशनालय

**सपही, धनुषा**

## सेवा करार सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मिति :२०८२/०९/१६**

यस स्वास्थ्य निर्देशनालयको आ.व २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम लागु भएका स्थानीय तहहरुमा कार्यरत मनोसामाजिक परामर्शकर्ताहरुको क्षमता बिकास, प्राविधिक सहयोग, एवं सहजीकरणको लागि तपशिल बमोजिमको जनशक्ति सेवा करारमा आवश्यक भएकोले योग्यता पुगेको र इच्छुक नेपाली नागरिकले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको समयमा प्राप्त हुने गरी तपशिलमा उल्लेखित राजश्व तिरेको सक्कल भौचर सहित प्रदेश लोक सेवा आयोग मधेश प्रदेशको फारमको ढाँचामा दरखास्त दिन हुन् सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**पद : मनोबिद (सातौ तह, प्राविधिक)**

| सि.नं. | विज्ञापन न | कार्यक्षेत्र | माग संख्या |
|---|---|---|---|
| १ | ०१।२०८२।०८३ | मधेश प्रदेश, स्वास्थ्य निर्देशनालयमा रही सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम लागु भएका स्थानीय तहहरु | २ |

**तपशिल :**

१. शैक्षिक योग्यता र अनुभव{सुरक्षित आप्रवासान (SaMI) कार्यक्रम चौथो चरण संचालन मार्गदर्शन, २०८१ ले तोके अनुसार}

**क)** न्युनतम शैक्षिक योग्यता मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान (क्लिनिकल साइकोलोजी मेजर, काउन्सेलिंग साइकोलोजी, स्कुल साइकोलोजीमा) स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तिमा दुई वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भएको, मनोसामाजिक परामर्शकर्ताहरुलाई सुपरभाइज गरेको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार गरेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिमलाई प्राथमिकता दिइने छ वा पोस्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिंग उत्तीर्ण गरी मनोसामाजिक परामर्शकर्ताहरुको सुपरभाइजर भएर कम्तिमा ३ वर्ष काम गरेको अनुभव भएको र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिम लिएको हुनुपर्ने छ।

**ख) प्राथमिकताका आधारहरु :**

- सम्बन्धित विषयमा स्नातकोत्तर हासिल गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (TOT) तालिम लिएको।
- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मोड्युल अनुसार ६ महिने मनोसामाजिक परामर्शको तालिम संचालन गरेकोलाई प्राथमिकता दिईने छ।
- प्रदेश तथा स्थानीय सरकार संग निकटतम समन्वयमा काम गरेकोलाई प्राथमिकता दिइने छ।

**ग) भाषा र अन्य :**

- कम्प्युटर सम्बन्धि ज्ञानका साथै MS Office (WORD, EXCEL, POWERPOINT, OUTLOOK, EMAIL, INTERNET, KOBO TOOL) सहज रुपमा चलाउन सक्ने र नेपाली र अंग्रेजी दुवै माध्यममा टाईप् गर्न सक्ने क्षमता भएको।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने।

२. **उमेर** : २१ वर्ष पुरा भै ४५ वर्ष ननाघेको

३. **दरखास्तसंग संलग्न गर्नु पर्ने कागजातहरु** : मधेश प्रदेश लोक सेवा आयोगको दरखास्त फारमको ढाचामा सम्पूर्ण विवरण भरि हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो सहित शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि , नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि सहित राजस्व तिरेको भौचर सहित रेकर्ड फाइल थान १ उम्मेदवारले स्वयम् उपस्थित भइ पेश गर्नु पर्ने छ तथा उपस्थित हुन् असमर्थ उम्मेदवारहरुले सम्पूर्ण कागजात सहितको फारम भरि यसै G-Mail hdpd2janakpur2075@gmail.com मार्फत म्याद भित्र पठाउन सकिनेछ साथै यस स्वास्थ्य निर्देशनालय को वेबसाइट https://hd.madhesh.gov.np बाट फारम डाउनलोड गरी भर्न सकिने छ। अनुभवको हकमा अनुमति प्राप्त संस्थाबाट प्रदान गरिएको नियुक्ति, करार सम्झौता, कामको विवरण र अन्य आवश्यक प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

४. **सेवाको किसिम** : कार्यक्रम करार

५. **छनौटको आधार र प्रक्रिया** : सम्पर्क मितिमा तोकिने छ।

६. **दरखास्त बुझाउने स्थान** : स्वास्थ्य निर्देशनालय, सपही धनुषा, मधेश प्रदेश।

७. **दरखास्त दिने अन्तिम मिति** : सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्राप्त हुने गरि दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यस पछी कार्यालय खुलेको दिन अन्तिम दिन मानिने छ।

८. **परीक्षा दस्तुर** : रु १०००/- मात्र

**राजश्व दाखिला गर्नु पर्ने विवरण**

| कार्यालयको नाम | कार्यालय कोड | राजश्व शिर्षक | राजश्व रकम रु | राजश्व दाखिल गर्नु पर्ने बैंक |
|---|---|---|---|---|
| स्वास्थ्य निर्देशनालय, सपही धनुषा, मधेश प्रदेश | ३७००११७०१२ | १४२२४ | १००० | राष्ट्रिय बाणिज्य बैंक |


९. **तलब भत्ता तथा अन्य सुविधा** : नियमानुसार

१०. **परीक्षा सम्बन्धि सुचना** : स्वास्थ्य निर्देशनालयको वेबसाइट https://hd.madhesh.gov.np मा सम्पर्क मितिमा प्रकाशित गरिने छ।

११. रितपुर्वक पेश हुन् नआएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

१२. **सम्पर्क मिति** : दरखास्त पेश गर्ने अन्तिम दिनको भोलि पल्ट ११ बजे।

१३. **बिस्तृत जानकारीको लागि** : ९८१९९४२७६०, ९८५४०२८७२९ मा सम्पर्क गर्न सकिने छ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# चुनावमय देश

प्रतिनिधि सभाको चुनाव फागुन २१ गते हुने नहुने संशयलाई चिर्दै अब दलहरु चुनावमा होमिएका छन् । दलहरुले समानुपातिक तर्फको उम्मेदवारहरुको सूची निर्वाचन आयोगमा दर्ता गराएका छन् । नेपालमा दुई प्रणालीबाट एकै साथ चुनाव हुने गर्छ । समानुपातिक (अप्रत्यक्ष) र पहिलो हुने निर्वाचित(प्रत्यक्ष) प्रणालीबाट प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव हुन्छ। प्रतिनिधि सभाको घोषित चुनावमा दलहरुले समानुपातिक उम्मेदवारको सूची दर्ता गरिसकेकाले अब चुनाव हुने नहुने आशंका समाप्त भएको छ । समानुपातिक तर्फको उम्मेदवारहरुको मनोनयन भइसकेकाले प्रत्यक्ष तर्फ उम्मेदवार हुने नेताहरुले क्षेत्रमा प्रचारप्रसारमा जुट्ने छन् । समानुपातिक सूचीमा नाम भएका उम्मेदवारहरुले अब निर्वाचनको वातावरण बनाउन अगाडि बढ्ने छन् । प्रतिनिधि सभाको निर्वाचनको वातावरण बनेको छ। जेन-जी आन्दोलनपछि अनेक प्रकारको दबाबमा रहेको नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टीले समानुपातिक तर्फको सूची निर्वाचन आयोगमा दर्ता गरेसंगै देश चुनावमय बनेको छ । नेकां, एमाले समेतलाई चुनावमा सहभागी गराउन प्रधानमन्त्री सुशीला कोइरालाले पछिल्लो समयमा गरेको सकारात्मक पहल सार्थक भएको छ । शान्तिसुरक्षा लगायतका विषय उठाएर चुनाव हुनेमा आशंका व्यक्त गर्ने कांग्रेस, एमालेका नेताहरु अब चुनावमा होमिएका छन् । सरकारले ठूला दलहरुलाई चुनावमा सहभागी गराउन उदारताका साथ वातावरण बनाएको छ। फागुन २१ गते नै प्रतिनिधि सभाको चुनाव गराउनु पर्ने बाध्यतामा रहेको सरकारका लागि सबै दलहरुलाई समेट्नु आवश्यक थियो। त्यसमा सरकार सफल भएको छ। एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकलाई सरकारले लगाएको स्थानहदलाई समेत अब हटाउनु पर्छ । चुनावमा होमिएका नेताहरुले देश छाडेर भाग्न सक्दैन। नेता लेखकले उच्चस्तरीय छानबिन समिति समक्ष बयान समेत दिइसकेका छन् । ओली पनि बयान दिने पक्षमा छन् । बयान दिने कहाँ भन्ने विषयमा सहमति भएको छैन । तर पनि उनलाई लगाइएको स्थानहद सरकारले हटाउनु पर्छ । एमालेका अध्यक्ष ओली काठमाण्डुमा सीमित भएर चुनाव प्रचार गर्न सक्दैनन् । देशको पहिलो प्राथमिकता अब प्रतिनिधि सभाको चुनाव नै रहेको छ। सरकारले स्थानहदलाई हटाउने बित्तिकै ओली देशव्यापी दौडाहामा जाने छन् । हरेक दलका शीर्ष नेताहरु चुनाव प्रचारमा खटिनु पर्नेछ । उनीहरुको सक्रियताले नै चुनावको प्रचार प्रसार प्रभावकारी हुनेछ। हुन त देशमा कुनै एउटा दलको सरकार बन्ने सम्भावना कमजोर नै छ। सबै सिटमा चुनाव लडने कुनै पनि दलले आँट गरेको छैन। मधेश केन्द्रित दलहरु र राजनीतिको उत्कर्षमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले अन्य दलहरुलाई एकीकृत गरी चुनावमा जान लागेको अत्यन्त सकारात्मक र प्रशंसनीय छ। अब देश चुनावमय भएकोले सरकार, दल र नागरिकले लोकतन्त्रको महापर्वलाई सफल बनाउनु पर्छ।

# अदौरी र बिरिया मिथिला थाल



अजयकुमार झा


अदौरी मिथिला क्षेत्रमा सामान्यतया चाडपर्व वा विशेष अवसरहरूमा तयार पारिने परम्परागत एवम् विशेष व्यञ्जन हो । वर्षा कालको संरक्षित सब्जी हुनुका साथै सामाजिक र सांस्कृतिक महत्त्व बोकेको खानेकुरा पनि हो ।

केलाय दाल (मासको दाल) बाट बनाइन्छ । उरदको दाललाई मिथिलामा केलायको दाल (मासको दाल) भनिन्छ। उरद एक प्रकारको फली हो। जसको दाल खाने गरिन्छ। उरद दालको बेसनको अदौरी पारेर सुकाएर राखिन्छ। बेसनको पेस्ट बनाएर, सानो सानो गोलो टुक्रा पारेर घाममा सुकाएर अदौरी बनाइन्छ। यसरी सुकेको अदौरीको उपयोग इच्छा लागेको बखत बैगुन वा सजमैन (लौकी) मा मिसाएर गर्न सकिन्छ। मिथिलाका विशिष्ट स्वादहरूमध्ये एक बैगुन अदौरी वा सजमैन अदौरी पनि हो । प्रायः पारम्परिक भोजहरूमा बैगुन अदौरी वा सजमैन अदौरी अनिवार्य व्यञ्जनको रूपमा समावेश गर्ने गरिन्छ।

उरद, एक प्रकारको बिरुवाको फलियाको बिउ र दानाको दाल बनाएर प्रयोग गरिन्छ । त्यस्तो प्रकारको बिरुवा नेपाल र भारतमा प्रायः सर्वत्र उब्जाइने गरिन्छ । यसलाई वैद्यकमा उरद मधुर, शीतल, भारी, टर्रो, बलकारी, वातकारक, दाहजनक, दीपन तथा पित्त र कफको नाश गर्नेवाला मानिएको छ। अदौरी धेरै खान हुँदैन भन्ने मान्यता पनि छ। घाउ भएको बेला अदौरी खाएमा सङ्क्रमण बढ्ने खतरा हुन्छ । उरदको प्रत्येक सिन्कामा सिमीको जस्तो तीनवटा पात हुन्छन् । बैजनी रङको फूल फुल्छ। फलिया ३/४ औँलाको गुच्छामा लाग्दछ। फलियाभित्र ५/६ वटा लामो बिउ हुन्छ । जसको मुखमा सेतो टीका हुन्छ। उरद कालो र हरियो गरी दुई प्रकारको हुन्छ। मिथिलामा यसलाई भदौ-असोजमा छरिन्छ भने मङ्सिर-पुसमा भित्र्याइन्छ। यसको लागि बलौटे माटो र केही वर्षा वा पानीको खाँचो पर्छ । यसको दाल खाइन्छ र यसको पिठोको अदौरी, पापड, पकौडी आदि बनाइन्छ।

उरदको अदौरी स्वादिष्ट मात्र हुँदैन । अपार स्वास्थ्य लाभ पनि प्रदान गर्दछ । उरद आफैमा प्रोटिनको समृद्ध स्रोत हो। जसले मांसपेशी विकास र समग्र शक्तिमा महत्त्वपूर्ण भूमिका खेल्छ । यसबाहेक, अदौरी बनाउन सामान्यतया प्रयोग हुने सामग्रीहरू,जस्तैः धनियाँ, गोलभैँडा र कागती आदि भिटामिन सीको उत्कृष्ट स्रोत हुन् । उरदबाट प्राप्त हुने प्रोटिन र त्यसमा पाइने तरकारीबाट प्राप्त हुने भिटामिन सी को संयोजनले शरीरको प्रतिरक्षा प्रणालीलाई बलियो बनाउँछ। त्यसैले, अदौरी विशेष गरी चिसो र वर्षाको मौसममा उपयोगी हुन्छ, चिसो मौसममा शरीर सङ्क्रमणको लागि बढी संवेदनशील हुन्छ । त्यसकारण, अदौरी केवल एक स्वादिष्ट परम्परागत खाना मात्र होइन । पौष्टिक तथा रोग प्रतिरोधात्मक क्षमता बढाउने परिकार समेत हो । जसले मिथिलाको सांस्कृतिक सम्पदाको पाककला ज्ञानलाई पनि प्रतिबिम्बित गर्दछ।

अचेल उरद दाल बरीको चलन बढेको छ। पिसेको दालमा मसला हालेर बनाइएका पकौडा घाममा सुकाइन्छ । मासु जस्तो स्वाद र बनावट भएता पनि तिनीहरू मासुभन्दा अलि फरक छन् । पकौडा विशुद्ध शाकाहारी खाद्य हो। त्यसैले यसको उपभोग गर्न रुचाउने सङ्ख्या धेरै ठुलो छ। उरदको दालको बरीलाई भुटेर 'साइड डिस' को रूपमा पनि प्रयोग गरिन्छ। पकौडा फुलेर 'सस वा ग्रेभी' सोसेको हुन्छ । जो स्वाद र सुगन्धका साथ मुखमा चपचप लाग्छ। पाकेर नरम भएको पकौडा सजिलै चपाएर विशिष्ट स्वाद लिँदै निल्ने गरिन्छ । पकौडालाई विभिन्न तरकारी करी, मासुका परिकार, चामलको पिलाफ र अन्य परिकारहरूमा पनि थप्न सकिन्छ, जसले गर्दा तिनीहरूमा विशिष्ट प्रकारको मसलादार स्वाद पाइन्छ । पानीमा भिजाएर, मसलाले पकाएर, परौठा, कचौरी र 'क्रिस्पी कचौरी'हरूमा भर्नको लागि पनि प्रयोग गर्न सकिन्छ।





मिथिलामा उरदको अदौरी बनाउनुको अलावा मूला र कुभिन्डो थुँगेर त्यसमा अलिअलि उरदको बेसन मिसाई मुरौरी र कुम्रौरी बनाउने प्रथा पनि छ। त्यस्तै बथुवा सागमा उरदको बेसन मिसाएर बिरिया मनाउने चलन पनि छ । उरदको पिठोमा ऐँठन र लसिलोपना हुन्छ । जसले सागपातलाई आपसमा गुँथिन रसायनको काम गर्दछ।

अन्नपात, तरकारी, फल आदि सुकाएर राख्ने र तरकारी सहजै नपाइने वर्षा कालमा त्यही सुकाएर राखिएको तरकारीको गर्जो टार्ने चलन प्रायः सबै तिर छ। तर मिथिलामा भने यस कुराको अझै ठुलो स्थान छ। मिथिलामा मासुको सुकुटी बनाइँदैन। तर सानो भुरे माछाको सुकुटी भने निकै जतनले राखिन्छ। तरकारीहरूमा फूलकोबी र मूला सुकाएर राखिन्छ। परम्परागत रूपमा यो खाद्य संरक्षणको सामाजिक उपाय पनि थियो।

पहिले घरपरिवारमा हजुरआमाले अदौरी आदि बनाउने काम हुन्थ्यो। हजुरआमाको हातले पकाएको अदौरी बरी सबैभन्दा स्वादिष्ट हुन्थ्यो। हजुरआमाहरू आफ्ना छोरी बुहारीलाई अदौरी पार्न सिकाउनुहुन्थ्यो। यसरी अप्रत्यक्ष रूपमा भए पनि अर्थतन्त्रको एक महत्त्वपूर्ण हिस्सा बनेको थियो । अहिले पनि सरकारले यसलाई महिलाको लागि रोजगारको स्थायी स्रोत बनाएर उनीहरूलाई आर्थिक रूपले मजबुत र समाजमा सम्मान दिलाउन सक्छ। अहिले बजारमा कमसल अदौरी पाइन्छ। राम्रो अदौरीको माग तथा आवश्यकता धेरै हुन्छ।

मैथिली भाषी जिल्लाहरूमा बथुवाको साग र बथुवाको बिरिया निकै स्वादले खाने गरिन्छ । मिथिला क्षेत्रको अर्को अनौठो रेसिपी बिरिया हो । यसमा बथुवा सागका पातहरू घाममा केही सुकाइन्छ। उरदको पीठोमा लेपिन्छ। पछि चाहेको बखत मसालेदार आलु र तोरीको रसमा पकाएर चपचप गरेर खाइन्छ । बिरिया, बथुवाका पातहरू सुकाएर तयार गरिने व्यञ्जन हो । मिथिला क्षेत्रको उल्लेखनीय परिकार पनि हो।

बथुवा मुख्यतया उष्णकटिबन्धीय क्षेत्रहरूमा जाडो मौसमको बाली हो । तर समशीतोष्ण क्षेत्रहरूमा भने गर्मीमा हुने गर्छ। तर मैथिली खानामा भने यसको पातबाट बनेको बिरिया वर्षभरि रमाइलो गरी खाने गरिन्छ। यो मानव शरीरको लागि आवश्यक धेरै पोषक तत्त्व र खनिजहरूको उत्कृष्ट स्रोत पनि हो । यसलाई पालुङ्गो र बन्दाकोबी भन्दा बढी पौष्टिक मानिन्छ । बिरियाका कोसाहरू खेसारी सागबाट पनि तयार गरिन्छ। तर खेसारीको साग वा दाल भने धेरै मन पराइँदैन।

यस क्षेत्रको खाद्य संस्कृतिमा नेपाली र बङ्गाली खानासँग धेरै समानताहरू पनि छन् । जसले मिथिलालाई भोजपुरी मानिसहरूको खाद्य संस्कृति भन्दा पृथक् देखाएको छ। उनीहरूको खाना अवधि संस्कृतिबाट प्रभावित छ। हाम्रो खाना पकाउने शैली तोरीको दानाको व्यापक प्रयोग र पाक प्रविधि विशेषता हो । धेरैजसो मैथिली करी रेसिपीहरूमा तोरीको रस प्रयोग गरिन्छ। जसमा माछा करी आदि पनि पर्छन् । बिरिया पनि मिथिलाको मुख्य परिकार नै हो।

मैथिली समुदायमा, कुनै पनि खाना साग बिना पूरा हुँदैन। हाम्रो व्यञ्जन सागहरूमा निर्भर हुन्छः बथुवा, रातो साग, पटुवा साग, गेन्हारी साग, कर्मी साग, र सर्सिो साग, अरिकञ्चन, कदिमा (फर्सी) को पात वा कदिमाको फूलबाट बनेको तरुवा आदि । मिथिलाका लोकप्रिय पारम्परिक परिकारहरूमा चिउरा-दही, कचरी-मुर्ही, झिल्ली-बडी, बैगुन-अदौरी, आलु-कुम्रौरी, तिसी-साजमैन, मुङ दालको चटनी, सत्तु पुरी, दाल पुरी, ओल चटनी, तलेको माछा, डोका झोर, काँकोड चटनी, चटनी, मखानको खीर, सकरौरी (दुध र चिनीमा पकाइएको बुन्दी), र दूध-बगिया (दूध र चिनीमा पकाइएको चामलको पकौडा) यस्ता अनेक परिकारहरू छन्।


पहाडमा देखिने 'थकाली थाल'को अनुसरण गर्दै मिथिलामा पनि अचेल 'मैथिल थाल' पस्किन थालिएको छ । यसलाई 'मैथिल थारी' भन्दा अझ मौलिक हुन सक्छ । मौसम अनुसार मैथिल थाली प्रत्येक तीन चार महिनाको अन्तरमा परिवर्तन हुने गर्छ । मैथिल थालीमा मुख्यतया भात, दाल, रोटी, अचार, पापड, तरुवा, बरी, चटनी, साग र केही भिन्नताका साथ दुधदही आदि समावेश हुने गर्छ।

केही तरकारीलाई फुराउन र झान्नको लागि मैथिल व्यञ्जनमा वनस्पति तेल वा तोरी तेल तथा पाँचफोरन प्रयोग हुने गर्छ । शाब्दिक रूपमा पाँचफोरनलाई 'पाँच मसला' भनिन्छ। जसमा जिरा, ज्वानो, कालो जिरा, सुप र मेथी हुने गर्छ। खानामा कडा सुगन्ध ल्याउन रातो खुर्सानीलाई तेलमा धुवाँ नउठुन्जेलसम्म फुराएर प्रयोग गरिन्छ। जलाएको रातो खुर्सानीको प्रयोग चोखा तयार गर्नमा गरिन्छ। मैथिल परिकारमा प्रयोग हुने विभिन्न सब्जीका चोखाहरू पोलेर वा उसिनेर बनाइने गरिन्छ । जसमा भन्टा, आलु, घिरौँला, पाटे घिरौँला, रामतोरिया ( भिण्डी) र टमाटर बढी लोकप्रिय मानिन्छ।

'सेफ' सन्तोष साहले मिथिला परिकारलाई विश्वमञ्चमा चिनाउने काम गरिरहेका छन्। सन्तोषले जनकपुरका परिकारहरूलाई देशभर पुऱ्याउँदै 'मिथिला थाली बाइ सन्तोष शाह' नाममा झम्सिखेल, नक्साल र गौशालामा शाखा सञ्चालन गरेका छन् । उनको परिकारलाई 'नेसनल जियोग्राफिक म्यागजिन'मा पनि समेटिएको छ । नेसनल जियोग्राफीमा जनकपुरलाई धार्मिक, सांस्कृतिक र पाक-परम्पराले भरिपूर्ण सहरका रूपमा पनि वर्णन गरिएको छ । जनकपुर प्रवेश गरेसँगै देखिने जानकी मन्दिरको भव्यता, त्यसमा देखिने कलाकारिताका साथै तीर्थयात्रुहरूको उपस्थितिलाई समेत उक्त पत्रिकामा गज्जबले प्रशंसा गरिएको छ । यसअघि 'लोन्ली प्लानेट'ले जनकपुरधामलाई सांस्कृतिक र खाद्य पर्यटनका लागि उदीयमान गन्तव्यका रूपमा सूचीबद्ध गरेको थियो।

मिथिला क्षेत्र आफैमा संस्कृतिको ठुलो केन्द्र हो। यहाँको मौलिक खाद्य तथा जीवनशैलीमा हामी हजारौँ वर्ष पुराना अनुभव तथा अभ्यासहरूको समुच्चय पाउँछौँ । आजको वैश्विकरणको युगमा मिथिला संस्कृतिले संरक्षण र प्रचार दुबैमा सार्थक पहल खोजिरहेको छ। रातोपाटीडटकमबाट साभार

# बीपीदेखि गगनसम्म : कांग्रेस इतिहासमा सीमित हुने कि भविष्यको नेतृत्व गर्ने ?



केशव पाठक

नेपालमा नेपाली कांग्रेस पार्टीको कथा सत्ता र प्रतिपक्षको हिसाबकिताबमात्र होइन । यो नेपालमा आधुनिक राजनीतिक चेतनाको उदय, नागरिक स्वतन्त्रताको संघर्ष र लोकतान्त्रिक मूल्यको निरन्तर खोजीको कथा पनि हो । यस पार्टीको इतिहास पढ्दा हामी सरकार गठन र विघटनको क्रममात्र देख्दैनौ बरु एउटा देशले आफूलाई कसरी बुझ्न थाल्यो भन्ने बौद्धिक यात्रासमेत देख्छौँ । यही यात्राको प्रारम्भिक र सबैभन्दा सशक्त वैचारिक आधार हुन् बीपी कोइराला। आज, जब कांग्रेस आफैं पहिचानको संकटमा छ त्यही इतिहाससँग संवाद गर्ने नामका रूपमा गगन थापा उभिएका छन्।

बीपी कोइराला नेपाली राजनीतिमा एक नेतामात्र थिएनन्, उनी त एउटा दृष्टि थिए । उनले लोकतन्त्रलाई विधिमात्र होइन जीवन पद्धतिका रूपमा बुझ्थे । उनको समाजवाद कुनै आयातित सिद्धान्त थिएन । बरु नेपाली समाजको यथार्थबाट जन्मिएको मानवीय दर्शन थियो । बीपीका लागि राजनीति भनेको राज्य चलाउने कला नभई नागरिकलाई सक्षम बनाउने नैतिक अभ्यास थियो। त्यसैले उनले सत्ताका लागि सम्झौता गरेनन् । जेल र निर्वासन स्वीकार गरे तर विचारमा सम्झौता गरेनन्। कांग्रेस त्यस बेला एउटा पार्टीभन्दा बढी आन्दोलन थियो । आशा, साहस र नैतिकताको समन्वित रूप थियो।

तर बीपीको देहावसानपछि कांग्रेसले भोगेको यात्रा सरल रहेन । पञ्चायतविरुद्धको संघर्ष, बहुदलीय व्यवस्थाको पुनःस्थापना, राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना यी सबै उपलब्धिमा कांग्रेसको भूमिका केन्द्रीय रह्यो। तर, यिनै उपलब्धिको छायामा कांग्रेसको आन्तरिक चरित्र क्रमशः बदलिँदै गयो । आन्दोलनको संस्कार अब सत्ताको अहंकारमा रूपान्तरण भयो। बहस नीति र दर्शनबाट हटेर पद, गुट र सन्तुलनतर्फ मोडिन थाल्यो। कांग्रेस लोकतन्त्रको रक्षक त देखियो तर उही पार्टीभित्रको लोकतान्त्रिक अभ्यासप्रति प्रश्नहरू बढ्दै गए।

आज पनि कांग्रेस देशको ठूलो पार्टी त हो तर उसमा आत्मविश्वास कमजोर देखिन्छ । देशकै ठूलो पार्टी बनेर चुनाव जित्दा पनि कांग्रेसमा असन्तुष्टि छ। कांग्रेस सरकारमा रहँदा पनि बचाउको भाषा बोल्नुपर्ने अवस्था थियो। शेरबहादुर देउवाको नेतृत्वमा रहेको पार्टी नागरिकसँग संवादमा कम गठबन्धनको गणितमा बढी अल्झियो। यही कारण कांग्रेसमाथि अहिले गम्भीर प्रश्न उठेको छ – के यो पार्टी अझै परिवर्तनको वाहक हो ? कि सत्ता व्यवस्थापनको एउटा घटकमात्रै हो ?

यही प्रश्नको पृष्ठभूमिमा कांग्रेसभित्र एक डेढ दशकदेखि गगन थापा उदाएका छन् । उनी आकस्मिकरूपमा जन्मिएको नेता होइनन् । उनी २०६२/६३ को आन्दोलन, माओवादी द्वन्द्वपछिको संक्रमण, संविधान निर्माण र गणतन्त्रको संस्थागत यात्रामा राजनीतिक चेतना बनाएको पुस्ताको प्रतिनिधि बनेर उदाएका हुन्। गगन थापा सडकको भाषा बुझ्ने नेता हुन् तर सडकमै सीमित हुन नचाहने परिचय उनले बनाएका छन् । उनी आन्दोलन र संस्थाबीचको सेतु बन्दै आवेग र नीति, आदर्श र यथार्थबीच सन्तुलन खोज्ने नेताका रूपमा आफूलाई उभ्याउन खोज्दैछन् । एक सफल नेता बन्न उनले गरेको धेरै प्रयत्न आंशिकरूपमा सफल तर अर्थपूर्ण देखिन्छन् । विसं ०६४ सालमा क्षेत्रीय सभापति रहेका थापा २०८२ सालमा आइपुग्दा नेपाली कांग्रेसजस्तो पार्टीको केन्द्रीय महामन्त्री छन्। यसै महिना हुने भनिएको पार्टीको १५ औं महाधिवेशनमा सभपाति पदमा उठ्ने घोषणा पनि उनले गरिसकेका छन्। कांग्रेसजस्तो पार्टीमा उनले प्राप्त गरेको यो उचाइले नै उनीभित्रको क्षमता दर्शाउँछ । यद्यपि कमजोरीका कसीमा उनी कम भने छैनन् । उनलाई पार्टीभित्र तथा बाहिर गाली गर्नेहरूको लाइन पनि ठूलै छ। तालीसँगै गालीका प्याकेज पनि सँगै बोकेर हिँडिरहेका थापा समकालीन नेपाली राजनीतिक नेताहरूमा तगडा नै मानिन्छन्।

स्वास्थ्यमन्त्रीका रूपमा गगन थापाले गरेको काम ताली पिट्नलायक महत्त्वपूर्ण कामका रूपमा लिन सकिन्छ । भिडभित्र बसेर क्यामेरा र मोबाइलवाला पत्रकारहरूबीच लोकप्रियता कमाउने सजिलो बाटो छोडेर थापाले एक दशकदेखि प्रणाली सुधारको कठिन बाटो रोज्नु, प्रतिरोधको सामना गर्न तयार हुनु र दीर्घकालीन सोच राख्नुले उनलाई कांग्रेसभित्रमात्र नभै सिंगो राजनीति क्षेत्रबीच अलग पहिचान दिएको छ। सांसद रहँदा संसद्मै पनि उनको उपस्थिति व्यक्तिगत आक्षेपभन्दा नीतिगत प्रश्नमा केन्द्रित रह्यो । उनले आफ्नै पार्टी सत्तामा रहँदा सत्ता पक्षमै बसेर पनि सत्तालाई असहज हुने प्रश्न उठाइरहे। यही कारण उनी समर्थकका लागि आशा बने, आलोचकका लागि असहज पात्र।




मुलुकमा जेनजी आन्दोलनपछि कांग्रेसमा पुस्तान्तरणको कुरा धेरै हुन थालेको छ तर व्यवहारमा निर्णय प्रक्रिया अझै सीमित घेराभित्रै घुमिरहेको छ। यसै महिना हुने भनिएको कांग्रेस महाधिवेशनसँगै कांग्रेसको बोली र व्यवहार छर्लङ्ग हुँदैछ । महाधिवेशनकै परिप्रेक्ष्यमा पनि गगन थापाको राजनीति नेपाली कांग्रेसका लागि सम्भावनामात्र नभएर चुनौती पनि हो। किनभने गगनलाई स्वीकार गर्नु पार्टीको परम्परागत शक्ति संरचनालाई प्रश्न गर्नु हो । अनुभवको नाममा जडता बचाउने र स्थिरताका नाममा जोखिम मोल्ने नचाहने नेपाली कांग्रेसको प्रवृत्तिमाथि गगन थापा प्रश्न बनिरहेका छन्।

बीपीदेखि गगनसम्मको यात्रामा सबैभन्दा ठूलो परिवर्तनसँगको आत्मसात् र चुनौती स्वीकारको स्वरूपमा छ। त्यस बेला बीपीले राजतन्त्र र अधिनायकवाददेखि बाह्य शत्रुसँग लडे। अहिले गगन आन्तरिक जडतासँग लड्दैछन् । पार्टीभित्रको शक्ति राजनीति, राज्यको कमजोर संस्थागत संरचना र नागरिकको घट्दो भरोसासँग लडिरहेका छन्। गगनको यो लडाइँ संघर्षसँगै बढी जटिल पनि छ। बीपीलेजस्तो उनले जेल जाने सम्भावना कम छ तर असफल हुने जोखिम धेरै छ। किनभने प्रणालीभित्रको परिवर्तन सधैँ धिमागतीको र पीडादायी हुन्छ।

आजको नेपाली राजनीतिमा विश्वसनीयताको गहिरो संकट छ। यतिबेला नागरिकहरू पार्टीभन्दा व्यक्तिलाई हेर्न वा रूचाउन थालेका छन् । नागरिकहरू परिणाम खोज्नतिर नभई घोषणासँग खुसी हुनथालेका छन् । एकातिर नागरिकको 'टेस्ट' एकदमै विचलित, धैर्यहीन छ भने अर्कोतिर यथास्थितिको राजनीति आफैँमा घातक बन्दैगएको छ । यस्तो अवस्थामा कांग्रेस इतिहासको गौरवमात्र बोकेर अगाडि बढ्न सक्दैन । उसले ऊ अझै पनि नेतृत्व दिन सक्छ, दिशा दिन सक्छ भन्ने देखाउनुपर्छ। यही सन्दर्भमा गगन थापा 'प्रधानमन्त्रीको सम्भावित अनुहारका रूपमा बहसमा आउन थालेका हुन् । थापाको प्रधानमन्त्री हुने बाटो पेचिलो छ, उनी प्रधानमन्त्रीको अनुहार बन्नुपुर्व पार्टीमा सभापति हुनुपर्छ । पार्टी सभापति भएरमात्र पुग्दैन नागरिकको विश्वास कांग्रेसलाई दिलाउनुपर्छ । नागरिकको अधीर सोचका बीच गगन थापाको यो यात्रा निकै जटिल छ।

यहाँ सबैभन्दा पहिले कांग्रेसले आउँदो चुनावमा 'को प्रधामन्त्री ?' भनेर उद्घोष गर्नु आवश्यक छ। त्यो 'को प्रधानमन्त्री ?' भन्ने प्रश्नको उत्तर गगन थापा हुन पनि सक्छन् नहुन पनि सक्छन्। तर त्यो 'को प्रधानमन्त्री ?' भन्ने प्रश्न घोषणाले मात्र हुने होइन तयारीले तय हुन्छ। कांग्रेसले साँच्चै गगन थापालाई नेतृत्वको केन्द्रमा राख्न चाहन्छ भने त्यसका लागि पार्टी संरचना, नीति निर्माण प्रक्रिया र संगठनात्मक संस्कार परिवर्तन गर्नुपर्छ। गगनलाई अगाडि सार्नु भनेको चुनावी रणनीतिमात्र नभई कांग्रेसलाई बीपीको आत्मासँग पुनः जोड्ने प्रयास हो।

कांग्रेस आज एउटा असहज दोबाटोमा छ। एकातिर इतिहास छ - बीपी, आन्दोलन र बलिदानको। अर्कोतिर भविष्यमुखी यात्रा छ - विश्वसनीयता, सुशासन र नयाँ नेतृत्वको । इतिहासले पार्टीलाई पहिचान दिन्छ तर भविष्यले मात्र उसको अर्थ बचाउँछ। गगन थापा इतिहास होइनन् तर इतिहाससँग संवाद गर्ने सम्भावना हुनसक्छन्। गगन थापा बीपीको प्रतिलिपि होइनन्मात्र हैन हुनै सक्दैनन् तर बीपीको मूल्यलाई आजको भाषामा बोल्ने प्रयास गर्ने असल पात्र हुन सक्छन्।

अब प्रश्न सरल तर कठोर छ। कांग्रेसले बीपीलाई सम्झेर गगनहरूलाई सीमित बनाइराख्छ कि बीपीको नाममा गगनहरूलाई अघि बढाउँछ ? कांग्रेसले दोस्रो बाटो रोज्न सक्यो भने सम्भवतः यस पार्टीले फेरि पनि नेपालको लोकतान्त्रिक यात्राको नेतृत्व गर्न सक्छ। नत्र, बीपी इतिहासका पानामा सीमित हुनेछन् र गगन एउटा गुमेको सम्भावनाका रूपमा सम्झिइनेछन्।

कांग्रेसको 'भोलि' कुनै एक नेताको हातमा मात्र छैन तर नेतृत्व चयन गर्ने साहसमा छ। कांग्रेसलाई बीपीले आत्मा दिए, गगनले दिशा देखाउन सक्छन् भन्ने आशा गर्न सकिन्छ। अब कांग्रेसले निर्णय गर्नुपर्छ - इतिहास बोकेरमात्रै बस्ने कि भविष्य निर्माण गर्ने ? बाह्रखरीबाट साभार

# गण्डकीमा अठार लाख बढी मतदाता र एक हजार २९७ मतदानस्थल कायम




गण्डकी । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशमा कुल १८ लाख ७० हजार ६५ मतदाता कायम भएका छन् । प्रदेश निर्वाचन कार्यालय पोखराका अनुसारका सबैभन्दा बढी कास्कीमा तीन लाख आठ हजार ५७२ मतदाता रहेका छन् । सबैभन्दा कम मनाङमा मतदाता सङ्ख्या जम्मा सात हजार छन् ।

स्याङ्जामा दुई लाख ४८ हजार ८१६, तनहुँमा दुई लाख ५४ हजार ३९७, नवलपुरमा दुई लाख ६८ हजार ५२६, गोखरामा दुई लाख २९ हजार ५८ र बागलुङमा एक लाख ९३ हजार १८१ मतदाता कायम भएका छन् ।

यस्तै लमजुङमा एक लाख ३७ हजार १२४, पर्वतमा एक लाख २५ हजार ४६६, म्याग्दीमा ८६ हजार ३९७ र मुस्ताङमा ११ हजार ३३८ मतदाता रहेको कार्यालयका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेले जानकारी दिनुभयो ।

प्रदेशका कुल मतदातामध्ये नौ लाख १४ हजार ५३५ पुरुष, महिला नौ लाख ५५ हजार ५१६ र अन्य १४ जना रहेको उहाँले बताउनुभयो । प्रदेशका ११ वटै जिल्लामा एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र कायम गरिएको छ ।

गोरखामा २२५, स्याङ्जामा १९९, कास्कीमा १५३, तनहुँमा १४४, लमजुङमा १३०, नवलपुरमा ११४, बागलुङमा १०७, म्याग्दीमा ८२, पर्वतमा ७६, मुस्ताङमा ३९ र मनाङमा २८ मतदानस्थल रहेका छन् । विसं २०८२ फागुन २० गतेभित्र १८ वर्ष पुगेकाले मतदान गर्न पाउने जनाइएको छ ।

निर्वाचन आयोगले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी गत असोज १० देखि मङ्सिर ५ गतेसम्म मतदाता नामावली सङ्कलन गरेको थियो । बायोमेट्रिय विधि र राष्ट्रिय परिचयपत्रका आधारमा मतदाता नामावली दर्ता गरिएको थियो ।

गण्डकी प्रदेशमा विसं २०७९ को प्रतिनिधि सभा सदस्य निर्वाचनमा १६ लाख ६२ हजार २४६ मतदाता थिए । अहिलेको चुनावमा दुई लाख सात हजार ८१९ नयाँ मतदाता थपिएका हुन् । रासस

**प्रदेशका कुल मतदातामध्ये नौ लाख १४ हजार ५३५ पुरुष, महिला नौ लाख ५५ हजार ५१६ र अन्य १४ जना रहेको उहाँले बताउनुभयो ।**

# राजनीतिक स्थिरता र दिगो लोकतन्त्रका पक्षमा निर्वाचन: प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्ति र अमनचयन कायम राखी दिगो लोकतन्त्र स्थापना गर्ने एक मात्र माध्यम निर्वाचन भएको बताउनुभएको छ ।

बालुवाटारमा आज राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाऊ अभियानका अगुवा दुर्गा प्रसाईंसँगको भेटमा प्रधानमन्त्री कार्कीले आम जनताको उल्लेख्य सहभागितामा आगामी फागुन २१ गते हुने निर्वाचन शान्तिपूर्ण र भयरहित वातावरणमा सफल तुल्याउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले अभियन्ता प्रसाईंका कैयौँ माग जनताका पक्षमा रहेकाले तिनलाई सम्बोधन गर्न सरकारले गृहकार्य गरिरहेको स्पष्ट गर्दै आफ्ना असन्तुष्टि र माग मुद्दाहरू शान्तिपूर्ण तरिकाले राख्न अनुरोध गर्नुभयो ।

राजनीतिक अस्थिरतासहित अन्योल र अशान्तिको अवस्थाबाट देशलाई निकास दिन प्रतिनिधि सभाको सदस्यका लागि निर्वाचन हुन आवश्यक रहेको प्रसङ्ग उल्लेख गर्दै प्रधानमन्त्रीले निर्वाचनलाई सफल बनाउने राष्ट्रिय अभियानमा साथ दिन अभियन्ता प्रसाईंसँग आग्रह गर्नुभयो ।

मुलुक निर्वाचनमा होमिइसकेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले जनताबाट आफ्ना मुद्दा अनुमोदन गराउनु नै लोकतान्त्रिक निकासको एक मात्र विकल्प रहेको स्पष्ट पार्नुभयो ।

“धेरै अप्ठ्यारो अवस्थाबाट देशलाई अहिलेको अवस्थामा ल्याएका छौँ, सम्बद्ध सबै पक्षको साथ सहयोगमा तोकिएको मितिमा निर्वाचन सम्पन्न गराएर देशलाई राजनीतिक निकास दिन अहोरात्र खटिएका छौँ,” उहाँले भन्नुभयो, “सबै किसिमका संशयलाई चिर्दै मुलुक निर्वाचनको माहोलमा होमिएको छ । यो देश मेरो पनि हो भन्ने सोच राखेर सबै पक्ष जिम्मेवार बनौँ र सक्रिय रूपमा सहभागी भई निर्वाचनलाई सफल बनाऔँ ।”

“हामी पनि न्यायका पक्षधर हौँ, सत्ताभोग र सुखसयल गर्न सरकारमा आएका होइनौँ । भ्रष्टाचारको अन्त्य, शोषित-पीडित वर्गलाई न्याय दिलाउने प्रक्रियाको थालनी गरेका छौँ । सबै कामको नतिजा रातारात नदेखिए पनि आधारशिला तयार गरेका छौँ । तपाईंले उठाउनुभएका कतिपय माग, मुद्दाको सम्बोधनका लागि पनि सरकारले गृहकार्य गरिरहेकै छ । अझै थप छलफल गर्दै जाऔँला, सरकार सदैव यहाँहरूकै साथमा छ,” प्रधानमन्त्री कार्कीले भन्नुभयो ।

सो अवसरमा प्रधानमन्त्री कार्कीले शान्ति कायम राख्ने अभियानमा साथ दिन अभियन्ता प्रसाईंसँग आग्रह गर्दै शान्तिको प्रतीक भगवान् गौतम बुद्धको तस्बिर दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । रासस


# चितवनमा थपिए ३४ मतदान केन्द्र

चितवन । प्रतिनिधिसभा निर्वाचन २०८२ का लागि जिल्लामा ३४ मतदान केन्द्र थपिएका छन् । प्रतिनिधि सभा निर्वाचन २०७९ मा भन्दा अहिले हुन लागेको निर्वाचनमा मतदाता थपिएसँगै जिल्लामा मतदान केन्द्र थप भएका हुन् ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीका अनुसार गत निर्वाचनमा जिल्लामा ४६० मतदान केन्द्र रहेकामा आगामी फागुन २१ गते हुने निर्वाचनमा ४९४ केन्द्र कायम गरिएको छ । त्यसमा क्षेत्र नम्बर १ मा १६८, क्षेत्र नम्बर २ मा १५२ र क्षेत्र नम्बर ३ मा १७४ मतदान केन्द्र कायम गरिएको छ ।

उहाँका अनुसार मतदानस्थल भने थप भएका छैनन् । गत निर्वाचनमा कायम रहेका १६२ मतदानस्थल नै कायम गरी केन्द्र थप गरिएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “मतदान केन्द्र थपिएका छन्, स्थल भने पहिलाको नै हो ।”

क्षेत्र नम्बर १ मा ५६, क्षेत्र नम्बर २ मा ४३ र क्षेत्र नम्बर ३ मा ६३ मतदानस्थल रहेको उहाँले जानकारी दिनुभयो । यस वर्षको प्रतिनिधि सभा निर्वाचनमा जिल्लामा चार लाख ४२ हजार ८२ मतदाता रहेका छन् । प्रतिनिधि सभा निर्वाचन २०७९ मा जिल्लामा चार लाख आठ हजार ३४२ मतदाता रहेका थिए ।



उहाँले ३३ हजार ७४० जना मतदाता थपिएको बताउनुभयो । क्षेत्र नम्बर १ मा एक लाख ४९ हजार ६२१, क्षेत्र नम्बर २ मा एक लाख ३७ हजार १५२ र क्षेत्र नम्बर ३ मा एक लाख ५५ हजार ३०९ मतदाता कायम भएको उहाँले बताउनुभयो । रासस

# जेनजी सहिद : दुई पुस्ताको विद्रोह, जनयुद्धदेखि जेनजी आन्दोलनसम्म...

किमाथाङ्का । यहाँको सिलिचोङ गाउँपालिका-३ का बालकिशोर कुलुङ मुलुकको व्यवस्था र अवस्था बदल्न तीन दशकअघि माओवादी विद्रोहमा सामेल हुनुभएको थियो । २०५२ साल फागुन १ गतेदेखि सुरु भएको ‘जनयुद्ध’मा क्रान्तिको बिगुल फुक्दै हिँड्नुभएका कुलुङले करिब एक दशक माओवादी आन्दोलनको अग्रमोर्चामा बिताउनुभयो ।

मुलुकमा गणतन्त्र आएपछि केही परिवर्तन होला भन्ने उहाँलाई लागेको थियो । त्यसपछिका दुई दशकमा भित्ताको पात्रो फेरिने बाहेक जनताले महसुस गर्ने परिवर्तन कुलुङले देख्न पाउनुभएन । मुलुकमा बढ्दो भ्रष्टाचार, अनियमितता र कुशासनको ग्राफ उस्तै गरी बढ्यो ।

त्यसो त उहाँ भूमिगत राजनीतिक यात्रालाई विराम लगाउँदै पारिवारिक जीवनमा फर्किनुभयो । राजनीतिक परिवर्तन सफल भए पनि जनताको अवस्थामा सोचेजस्तो परिवर्तन नहुँदा क्रान्ति पुनः जन्मिन्छ भन्ने उहाँलाई लाग्ने गर्थ्यो । भइदियो पनि त्यस्तै । आफूले लडेर ल्याएको राजनीतिक परिवर्तनको जगमा आफ्ना सन्तानले कुनै न कुनै दिन फेरि समृद्धिको ढोका उघार्लान् भन्ने अटल विश्वास थियो उहाँमा । सायद कुलुङको रगतमै चेतनाको बीज पोखिएको हुनुपर्छ । मुलुकको बिग्रँदो अवस्था देखेर कुलुङका छोराहरू पनि निकै चिन्तित देखिन्थे । सामाजिक सञ्जालमा हुर्किएको र विश्वपरिवेश बुझेका युवा पुस्ता मुलुकको पछिल्लो अवस्थाप्रति सन्तुष्ट थिएनन् । मुलुकमा बढ्दो भ्रष्टाचार नियन्त्रण, सुशासन कायम, निष्क्रिय पारिएको सामाजिक सञ्जाल सक्रिय पार्नुपर्ने, जनताप्रति सरकारको जवाफदेहीतालगायत माग राख्दै जेनजीले गत भदौ २३ गते भद्र विरोध प्रदर्शन आयोजना गरे ।

सो आन्दोलनमा बालकिशोरका माइला छोरा प्रविण पनि होमिनुभयो । प्रवीणलाई लाग्यो राजनीतिक पविर्तनमा बुबाको योगदानलाई संस्थागत गर्न पनि आफू आन्दोलनमा होमिनुपर्छ । त्यसपछि मात्र मुलुकमा आर्थिक समृद्धि स्थापना गर्न सम्भव हुन्छ ।

भदौ २३ गते प्रविण र उहाँका भाइ मौसम दुवैजना विरोध प्रदर्शन क्षेत्रमा सहभागी हुनुभयो । प्रदर्शनस्थलमा एकाएक गोली चलेपछि दुवैजना सुरक्षित स्थलतर्फ लागे । कैयौँले आँखै अगाडि ज्यान गुमाए । त्यसदिन प्रविण र भाई मौसम दुवै जना सकुशल कोठामा फर्कनुभयो ।



तर अघिल्लो दिनको दृश्यले उहाँहरूलाई झनै छटपटी भयो । डरत्रासले रोकिने अवस्था रहेन । झनै आन्दोलनमा सहभागी हुने जोश पलायो । आन्दोलनमा राज्यपक्षबाट भएको बल प्रयोग र त्यसबाट भएको मानवीय क्षतिले दाजुभाईलाई नै मर्माहत बनायो । २४ गते बिहानै दाजुभाई पुनः आन्दोलमा सडकमा ओर्लिए ।

गौशालमा भएको आन्दोलनमा सुरक्षाकर्मीको गोली लागेर २१ वर्षीय दाजु प्रविण ढल्नुभयो । भाई मौसमले अन्य साथीको सहयोगमा अस्पताल पुर्‍याउँदा प्रविणले ज्यान गुमाइसक्नुभएको थियो । प्रविणको दायाँ छातीमा गोली लागेको थियो । भाई मौसमले दाजुको निधनको खबर लुकुवा गाउँमा रहेका आमाबुबालाई सुनाउनुभयो ।

ज्यान हत्केलामा राखेर देशका लागि लड्नुभएका बालकिशोरलाई छोरा सहिद भएपछि परेको पीडा मापन गर्ने कुनै यन्त्र छैन । “मैले पनि देशकै लागि भनेर लडेँ, छोरा पनि देशकै लागि सहिद भयो, अब कहिलेसम्म नेपालीले देशका लागि भनेर लडिरहनु पर्ने हो ?”, बालकिशोरले प्रश्न गर्दै भन्नुभयो, “देशमा आमूल परिवर्तन ल्याएर अब कसैले पनि बलिदानी गर्न नपरोस् ।”

लाउने खाने उमेरमा छोरो गुमाउनु परेपछि बुबा बालकिशोरका आँखा अझैँ ओभाएका छैनन् । बालकिशोर दम्पत्ति पुत्र वियोगको असह्य पीडामा छन् । प्रविणलाई सरकारले सहिद घोषणा गरिसकेको छ । तर, छोराको सपनाको पूरा हुन्छ कि हुन्न भन्ने चिन्ताले सधैँ बालकिशोरलाई सताउने गरेको छ ।

जेनजी आन्दोलनको नेतृत्व गरेकाहरू अहिले विभिन्न गुटमा विभाजित भएको देख्दा उहाँको मन खिन्न हुने गर्छ ।

सहिदका सपना पूरा गर्न सहिद परिवारबीचको एकता अपरिहार्य भएको बालकिशोरको भनाइ छ । “सहिदले उठाएको मुद्दा सम्बोधन र सपना पूरा हुनुपर्छ”, उहाँले भन्नुभयो, “राज्यले राहत दिने मात्रै होइन, सहिदका सपनापनि पूरा गर्नुपर्छ ।” प्रविण एक वर्षअघि मात्र कोरियन भाषा पढ्न काठमाडौँ जानुभएको थियो । उहाँले भाषा परीक्षा पास गरेर कोरिया जाने र पारिवारिक समृद्धि भित्र्याउने योजना बनाउनुभएको थियो । जेनजी आन्दोलनमा प्रविणको निधन भएपछि बुबा बालकिशोर र आमा मालतीको सपना ढलेको छ ।

प्रविणका कान्छा भाइ मौसम भन्नुहुन्छ, “दाजुले जुन चाहनाले देशका लागि बलिदान दिनुभयो, सहिदको सपना पूरा गर्न सरकार र सम्बद्ध पक्षले ध्यान दिनुपर्छ ।”

प्रविणका बुबाआमा गाउँमै खेती किसान गर्दै आउनुभएको छ । सहिद कुलुङको गाउँ लकुवा सदरमुकाम खाँदबारीबाट एक दिनको पैदल दूरीमा पर्दछ । सरकारले सहिद घोषणा गरेपछि सिलिचोङ गाउँपालिकामा निर्माणाधीन अपर सङ्खुवा जलविद्युत् आयोजनाले उहाँको परिवारलाई एक लाख ७४ हजार ३०५ रुपैयाँ आर्थिक सहयोग गरेको थियो ।

प्रविणको गत असोज १ गते सिलिचोङ-३ स्थित लकुवामा अन्त्येष्टि गरियो । मृत्यु भएको १० दिन पछि नेपाली सेनाको हेलिकोप्टरमार्फत विराटनगर हुँदै उहाँको शव सिलिचोङ ल्याइएको थियो । सिलिचोङ गाउँपालिकाको केन्द्र ताम्कुमा कुलुङको पार्थिव शरीरमा पालिका अध्यक्ष भूपालराज मेवाहाङले राष्ट्रिय झण्डा ओढाएर सम्मान अर्पण गर्नुभएको थियो ।रासस

# तमु ल्होसारले सद्भावलाई थप प्रगाढ बनाउन सहयोग पुग्छ : उपराष्ट्रपति यादव

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले तमु ल्होसारले परस्पर आत्मियता, भाइचारा, मेलमिलाप र सामाजिक सद्भावलाई थप प्रगाढ बनाउनमा सहयोग पुगेको विश्वास व्यक्त गर्नुभएको छ ।

नेपालका आदिवासी तमु (गुरुङ) समुदायको महान पर्व तमु ल्होसारको पावन अवसरमा आज उहाँले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि शुभकामना व्यक्त गर्नुभएको हो ।

उहाँले भन्नुभएको छ, “यस दिनपछि दिन लामो हुँदै जाने र कृषिकर्मका लागि अनुकूल वातावरण सृजना हुने जनविश्वासले प्रकृति र जीवनशैलीबीच गहिरो सम्बन्ध उजागर गर्नमा यो पर्वले सहयोग पुग्दछ ।”

गुरुङ समुदायले पुस १५ दिन पुरानो वर्षलाई बिदा गरी नयाँ वर्षलाई उल्लासपूर्वक स्वागत गर्ने परम्परा छ । यस पर्वले गुरुङ समुदायको मौलिक संस्कृति, परम्परा र पहिचानलाई उजागर गर्दै सामुदायिक जीवनमा नवीन ऊर्जा थप्ने कार्य गरेको उहाँको भनाइ छ । रासस

# संस्कृतिले राष्ट्रिय एकताको प्रवर्द्धनमा सकारात्मक योगदान पुर्‍याउँछ: पूर्वप्रधानमन्त्री नेपाल



काठमाण्डु । पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले मौलिक पर्वले समाजमा शान्ति, सामाजिक न्यायको भावना सुदृढ गर्दै लोकतान्त्रिक मूल्य र राष्ट्रिय एकताको प्रवर्द्धनमा सकारात्मक योगदान पुर्‍याउने बताउनुभएको छ ।

तमु ल्होसारका अवसरमा आज शुभकामना व्यक्त गर्दै उहाँले नेपालका विविध सांस्कृतिक सम्पदा, चाडपर्व र संस्कृतिले नेपालीको राष्ट्रिय एकतालाई थप मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो । नेपाली विविध भाषा, संस्कृति, चाडपर्व र परम्परामा धनी भएको बताउँदै पूर्वप्रधानमन्त्री नेपालले विविधताले सजिएको मुलुकका फरक संस्कृतिले विश्वमा नेपालको विशिष्ट पहिचान स्थापित भएको बताउनुभयो । सबै नेपालीबीच आपसी समझदारी, सहकार्य र एकताले समुन्नत, न्यायपूर्ण र समावेशी समाजको निर्माणमा जोड दिँदै उहाँले आपसी सहिष्णुता, बन्धुत्वको भावना विकास गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले बहुधार्मिक, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताले सम्पन्न मुलुकमा धार्मिक तथा सांस्कृतिक पर्वहरूले सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सद्भाव र भ्रातृत्वको विकासमा योगदान गर्ने बताउनुभयो ।

स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीमा प्रगतिका लागि शुभकामना व्यक्त गर्दै उहाँले संविधानले सुनिश्चित गरेको सांस्कृतिक अधिकार, स्वतन्त्रता र समानताको मर्मअनुसार सबै जाति समुदायबीच समन्वय र सहकार्यको खाँचो औँल्याउनुभयो । रासस


## Bishnupur Rural Municipality
### Office of Rural Municipal Executive
### Bishnupur, Siraha
### Madhesh Province, Nepal

## Invitation for Electronic Bids

**Date of publication : 2082-09-16 (31-12-2025)**

1. Bishnupur Rural Municipality, Bishnupur, Siraha invites electronic Bids for eligible bidders for following project.

| Contract No/Id | Description of Work | Estimated Amount | Bid Security & Valid Days | Bid Document Fee (NRs.) | Deadline for Bid Submission Date and Time | Bid Opening Date and Time | Bank A/C Details (For cost of Bid Document & Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|
| BRM-Goods-01-2082/083 | Procurement of Supply & Delivery of Medicine | 3064972.82 | 77000 & 75 days | 1000 | 2082-10-02 (16-01-2026) 12:00 Noon | 2082-10-02 (16-01-2026) 13:00 PM | **Name of the Bank:** Nepal Investment Mega Bank Nepal Limited **Name of Office:** Bishnupur Gau Karyapalikako Karyalaya **Office Account no.:** 16801400000093 (Rajaswa) **Office Account no.:** 16801400000086 (Security) |
| BRM-Goods-02-2082/083 | Procurement of Supply & Delivery of Sanitary Pad | 1080995.06 | 27000 & 75 days | | | | |

2. Eligible Bidders may obtain further information from (9852850049, website: https://bishnupurmunsiraha.gov.np/) Bishnupur Rural Municipality, Bishnupur, Siraha or may download bidding document from PPMO's e-gp system www.bolpatra.gov.np./egp under name of Bishnupur Rural Municipality, Bishnupur, Siraha.
3. Interested bidders shall register in e-GP system and shall summit their bid through PPMO's e-GP system www.bolpatra.gov.np./egp system before above mentioned date & times.

# रुसले आणविक-सक्षम ओरेसनिक मिसाइल प्रणाली सक्रिय गऱ्यो



एपी । रुसको रक्षा मन्त्रालयले मङ्गलबार देशको आणविक-सक्षम ओरेसनिक मिसाइल प्रणाली अब सक्रिय सेवामा प्रवेश गरेको घोषणा गरेको छ। यो घोषणा युक्रेन-रुस शान्ति वार्ता जारी रहँदै गर्दाको समयमा आएको हो।

मन्त्रालयका अनुसार सेनाले छिमेकी बेलारुसमा छोटो समारोह आयोजना गर्दै मिसाइल तैनाथ गरेको छ। कतिवटा मिसाइल तैनाथ गरिएको वा अन्य विशिष्ट विवरण सार्वजनिक गरिएको छैन।


रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले डिसेम्बरको सुरुमा ओरेसनिक मिसाइल प्रणाली युद्ध कर्तव्यमा प्रवेश गर्ने बताउनुभएको थियो। उहाँले उच्च सैन्य अधिकारीहरूसँग बैठकमा यदि किएभ र पश्चिमी सहयोगीहरूले शान्ति वार्तामा क्रेमलिनको माग अस्वीकार गरे भने मस्कोले युक्रेनमा आफ्नो लाभ विस्तार गर्न खोज्नेछ भन्दै चेतावनी दिनुभएको थियो।

यस बीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फ्लोरिडा रिसोर्टमा युक्रेनी राष्ट्रपति भोलोदिमर जलेन्स्कीलाई स्वागत गर्दै शान्ति सम्झौताका लागि 'पहिलेभन्दा नजिक' भएको बताउनुभयो। तर युक्रेनी सेनाको फिर्ती क्षेत्र र जापोरिजिया आणविक उर्जा संयन्त्रको भविष्य जस्ता विषयमा वार्ताकारहरू अझै पनि प्रमुख मुद्दाहरूमा सहमति खोजिरहेका छन्।

पुटिनले ओरेसनिक मिसाइलको क्षमताको प्रशंसा गर्दै यसका धेरै वारहेड अवरोध हुनबाट सुरक्षित रहेको बताउनुभएको छ। उहाँले पश्चिमी राष्ट्रलाई चेतावनी दिँदै मस्कोले आवश्यक परे युरोपभरि नाटो सहयोगीहरू विरुद्ध मिसाइल प्रयोग गर्न सक्ने सम्भावना रहेको बताउनुभयो।

रुसको रक्षा अधिकारीहरूले ओरेसनिक मिसाइल प्रणाली मध्यम दूरीका मिसाइलहरू ५०० देखि पाँच हजार ५०० किलोमिटरसम्म उड्न सक्ने र परम्परागत वा आणविक हतियार बोक्न सक्षम हुने बताएका छन्।

# गाजामा बायरन आँधीका कारण दुई लाख भन्दा बढी मानिस प्रभावित : युएनआरडब्लुए



एपी । प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी ९युएनआरडब्लुए० ले गाजा पट्टीमा करिब दुई लाख ३५ हजार मानिस हालै आएको बायरन आँधीबाट प्रभावित भएको जनाएको छ। गत १०-१७ डिसेम्बरको बीचमा आएको आँधीले आवासिय भवनहरु ध्वस्त बनाउनुका साथै शरणार्थी शिविरहरुमा क्षति पुगेको एजेन्सिले जनाएको छ।

सामाजिक सञ्जाल एक्स मार्फत युएनआरडब्लुले लामो युद्ध र विस्थापनले गाजाका मानिसहरूलाई भग्नावशेष, अस्थायी आश्रय वा जीर्ण शिविरहरुमा बस्न बाध्य पारेको पुष्टि गरेको छ। आँधीलाई "प्राकृतिक प्रकोपको रूपमा वर्णन गदै यसले व्यापक विनाश र इजरायलीको नरसंहार पछि सुरक्षित आश्रयको अभावले गर्दा तिव्र क्षति भएको जनाएको छ।

युएनआरडब्लुएका अनुसार आँधीका कारण कम्तिमा १७ वटा भवनहरू ढलेका छन् भने ४२ हजार भन्दा बढी शिविर तथा अस्थायी आश्रयहरू क्षतिग्रस्त भएका छन्, जसले गर्दा कम्तिमा दुई लाख ३५ हजार मानिसहरू प्रभावित भएको जनाइएको छ।

यस महिनाको सुरुमा गाजामा मौसमी प्रकोपका कारण चार बालबालिका सहित १८ जनाको मृत्यु हुनुका साथै लामो युद्धबाट थलिएका लगभग ९० प्रतिशत गाजनहरुको आश्रय स्थलहरू बाढी प्रभावित भएको जनाइएको छ।

# पुलिस र एपिएफको सेमिफाइनलमा



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल पुलिस क्लब र एपिएफ क्लबको महिला टोली नवौं एनभिए भलिबल च्याम्पियनसिपको सेमिफाइनल पुगेको छ।

पुलिसले आज भएको खेलमा एपिएफलाई ३-२ ले हराउँदै लगातार दोस्रो जित दर्ता गरेको हो। समूह 'बी' मा एक खेल गुमाएपनि अघिल्लो दुई खेल जितेको एपिएफ पनि अन्तिम चारमा पुगेको हो। एक खेल कम खेलेको पुलिस र एपिएफको समान ६ अंक छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा सुरुको २ सेट लगातार जितेको पुलिसले त्यसपछि लगातार २ सेट गुमाएको थियो।

पुलिस २५-२१,२५-१५,२२-२५,२१-२५,१५-९ ले विजयी भएको थियो। दिनको अन्तिम खेलमा टिप टप न्यु डायमण्ड स्पोर्टस क्लबले एभरेष्ट भलिबल क्लबसँग खेल्दैछ।

खिलजी युवा क्लब पहिलो जित दर्ता गर्दै नवौं एनभिए भलिबल च्याम्पियनसिपको पुरुषतर्फको क्वाटरफाइनलमा पुगेको छ।

पाँचौं दिनको दोस्रो खेलमा ढोरपाटन स्पोर्टस क्लबलाई ३-० ले हराउँदै अन्तिम आठमा पुगेको हो।

खिलजीले ढोरपाटन स्पोर्टस क्लबलाई २५-१५,२५-१९,२५-२३ ले हराएर समूह 'बी' मा पहिलो जित निकालेको हो।

दुबै खेल जितेको नेपाल पुलिस क्लब यसअघि नै समूह विजेताका रुपमा नकआउट चरणमा पुगिसकेको छ। खिलजीले त्रिभुवन आर्मी क्लबसँग क्वाटरफाइनलमा खेल्नेछ।

त्यसअघि एपिएफ क्लबको पुरुष टोली नवौं एनभिए भलिबल च्याम्पियनसिपको क्वाटरफाइनलमा पुगेको थियो।

मणीमकुन्द भलिबल क्लबलाई ३-० को सोझो सेटमा हराउँदै एपिएफले अन्तिम आठको यात्रा तय गरेको हो। समूह 'ए' को अन्तिम खेलमा एपिएफले मणीमकुन्दलाई २५-१०,२५-१६,२९-२७ ले हराएको हो।

एपिएफ समूह उप विजेताका रुपमा नकआउट चरणमा पुगेको हो। दुबै खेल जित्दै टिप टप हेल्प नेपाल स्पोर्टस क्लब यसअघि नै क्वाटरफाइनलमा पुगिसकेको छ। एपिएफले क्वाटरफाइनलमा समूह 'सी' को विजेता रुकुम पश्चिम भलिबल क्लबको सामना गर्नेछ।

# बङ्गलादेश : खालिदा जियाको निधन



एपी । बङ्गलादेशकी पूर्वप्रधानमन्त्री तथा बङ्गलादेश नेसनालिस्ट पार्टी (बिएनपी) की अध्यक्ष बेगम खालिदा जियाको ८० वर्षको उमेरमा मङ्गलबार बिहान निधन भएको छ।

पार्टीले जारी गरेको विज्ञप्तिमा उहाँको निधन फजरको प्रार्थनापछि बिहान ६ बजे भएको जनाइएको छ। वर्षौंदेखि कमजोर स्वास्थ्य, लामो कारावास र राजनीतिक उतारचढावबीच पनि सक्रिय राजनीतिमा रहनुभएकी जियाको निधनले बङ्गलादेशी राजनीतिमा गहिरो शून्यता सिर्जना गरेको छ।

खराब स्वास्थ्य अवस्थाका बाबजुद पनि जियाले आगामी फेब्रुअरी २०२६ मा तय गरिएको आम निर्वाचनमा सक्रिय रूपमा सहभागी हुने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। उक्त निर्वाचन गत वर्ष दीर्घकालीन प्रतिद्वन्द्वी शेख हसिनाको सरकार जनविद्रोहपछि पतन भएपछिको पहिलो आम चुनाव हो। बिएनपीलाई यस निर्वाचनमा प्रमुख अग्रपङ्क्तिको दलका रूपमा हेरिएको थियो र धेरैले जियाको नेतृत्वमै पार्टी चुनाव जित्ने विश्वास गरेका थिए।

बिएनपीका अनुसार नोभेम्बरको अन्त्यतिर उहाँको स्वास्थ्य अचानक बिग्रिएपछि ढाकाको एक अस्पतालमा भर्ना गरिएको थियो। चिकित्सकहरूले हरसम्भव प्रयास गरे पनि दीर्घकालीन स्वास्थ्य समस्याका कारण उहाँको अवस्था क्रमशः गम्भीर बन्दै गएको थियो। यद्यपि, निधन हुनुभन्दा केही घण्टाअघि सोमबार पार्टी कार्यकर्ताहरूले तीनवटा निर्वाचन क्षेत्रबाट उहाँकै नाममा उम्मेदवारी दर्ता गराएका थिए, जसले उहाँको राजनीतिक इच्छाशक्ति अन्तिम क्षणसम्म पनि बलियो रहेको देखाएको थियो।

उहाँको निधनको खबर फैलिएसँगै, चिसो वर्षाको बीच पनि मङ्गलबार बिहान ढाकास्थित अस्पताल बाहिर हजारौँ शोकाकुल समर्थकहरू भेला भएका थिए। बिएनपीका वरिष्ठ नेता रुहुल कबिर रिजवीले यस घटनालाई 'राष्ट्रका लागि अपूरणीय क्षति' भन्दै गहिरो दुःख व्यक्त गर्नुभयो। पार्टीका युवा समर्थक गोलम किब्रियाले जियाले विलासिताको जीवनभन्दा जेल रोजेर वर्षौं कठिन अवस्था भोग्नुभएको उल्लेख गर्दै उहाँलाई 'कहिल्यै प्रतिस्थापन गर्न नसकिने अतुलनीय नेता' को संज्ञा दिनुभयो।

जियाको अन्तिम दिनहरूमा देशका अन्तरिम नेता तथा नोबेल शान्ति पुरस्कार विजेता प्रोफेसर मुहम्मद युनुसले पनि राष्ट्रलाई उहाँको स्वास्थ्यलाभ र पछि आत्मशान्तिका लागि प्रार्थना गर्न आह्वान गर्नुभएको थियो। उहाँले जियालाई 'अत्यन्त प्रेरणादायी व्यक्तित्व' भन्दै राष्ट्रले 'एक महान अभिभावक गुमाएको' टिप्पणी गर्नुभयो। युनुसका अनुसार उहाँको दृढ नेतृत्वले पटक-पटक देशलाई अलोकतान्त्रिक अवस्थाबाट बाहिर ल्याउन सहयोग गरेको थियो र जनतालाई स्वतन्त्रताको मूल्य बुझ्न प्रेरित गरेको थियो।

तीन पटक प्रधानमन्त्री रहनुभएकी जियालाई सन् २०१८ मा तत्कालीन शेख हसिना सरकारका पालामा भ्रष्टाचारको आरोपमा जेल सजाय सुनाइएको थियो। सोही कारणले उपचारका लागि विदेश जानसमेत उहाँलाई रोक लगाइएको थियो। हसिना सत्ताच्युत भएपछि गत वर्ष उहाँ रिहा हुनुभयो। यस महिनाको सुरुतिर विशेष एयर एम्बुलेन्समार्फत लन्डन लैजाने तयारी भए पनि स्वास्थ्य स्थिर नहुँदा योजना कार्यान्वयन हुन सकेन।

उहाँका जेठा छोरा तारिक रहमान अब फेब्रुअरी १२ मा हुने आम चुनावमा बिएनपीको नेतृत्व गर्ने अपेक्षा गरिएको छ। उहाँ १७ वर्षको निर्वासनपछि केही दिनअघि मात्र स्वदेश फर्किनुभएको थियो। पार्टीले बहुमत हासिल गरेमा उहाँलाई भावी प्रधानमन्त्रीका रूपमा अगाडि सारिने व्यापक अनुमान गरिएको छ। बङ्गलादेशका प्रमुख सञ्चारमाध्यमहरूले जियाको निधनको समयमा उहाँका छोरा रहमान र परिवारका अन्य सदस्यहरू उहाँकै साथमा रहेको जनाएका छन्।

एक अग्रणी राष्ट्रिय दैनिकले उहाँलाई 'दृढ नेता' का रूपमा स्मरण गर्दै लेखेको छ, "राजनीतिज्ञहरूको जीवन उत्थान र पतनले भरिएको हुन्छ, जहाँ कानूनी मुद्दा, गिरफ्तारी, कारावास, उत्पीडन र आक्रमण असामान्य हुँदैनन्। बेगम खालिदा जियाले यस्ता सबै कठोर परीक्षाहरू चरम सीमासम्म सहनुभयो। उहाँको जीवन सङ्घर्ष, अडान र राजनीतिक प्रतिबद्धताको प्रतीकका रूपमा बङ्गलादेशी इतिहासमा सधैँ स्मरणीय रहनेछ।"

# एफसी चितवनका अध्यक्ष ढकाल रास्वपाको समानुपातिक सूचीमा



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल सुपर लिग (एनएसएल) टोली एफसी चितवनका मालिक एवम् अध्यक्ष सचिन ढकाललाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले समानुपातिक तर्फको उम्मेदवार बनाएको छ।

रास्वपाले समानुपातिकको १ सय १० उम्मेदवारको बन्द सूचीमा ढकालको नाम समावेश गर्दै निर्वाचन आयोगमा नामावली बुझाएको छ।

रास्वपाले खस आर्य क्लस्टरबाट दोस्रो नम्बरमा ढकालको नाम प्रस्ताव गरेको छ। काठमाण्डु महानगरपालिकाका मेयर बालेन शाहको तर्फबाट ढकाल सूचिमा परेका हुन्।

'पछिल्लो समयदेखि खेलकुदमा सक्रिय छु। युवा पनि भए,'ढकालले भने,' यहि पृष्ठभूमिका कारण सूचीमा परेको छु। यो अवसरका लागि धन्यवाद।'

त्यस्तै राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान ज्ञानेन्द्र मल्ललाई पनि रास्वपाले समानुपातिक उम्मेदवारको सूचीमा समेटेको छ।

मल्ल आदिवासी जनजाति क्लस्टरको पाँचौं नम्बरमा छन्। 'फरक फरक पृष्ठभूमि व्यक्तिहरुलाई समेट्ने क्रममा मलाई पनि प्रस्ताव आएको थियो,' मल्लले भने,'खेलकुदको पृष्ठभूमिका कारण मलाई प्रस्ताव आएको हो।

यसलाई मैले सम्मान रुपमा लिएको छु। अवसर पाएको खण्ड खेलकुदमा नीतिगत सुधारका लागि नै पहल गर्ने हो।' मल्ल पनि मेयर शाहकैतर्फबाट सूचीमस परेका हुन्।

मल्लले झन्डै डेढ वर्षअघि अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएका थिए। अहिले उनी राष्ट्रिय क्रिकेट टोलीको सहायक प्रशिक्षकका रुपमा कार्यरत छन्।

# चीनद्वारा नयाँ उपग्रह प्रक्षेपण

एपी। चीनले मङ्गलबार उत्तरपश्चिम चीनको जिउक्वान उपग्रह प्रक्षेपण केन्द्रबाट सफलतापूर्वक नयाँ उपग्रह अन्तरिक्षमा पठाएको छ।

लङ मार्च-४बी रकेटमार्फत प्रक्षेपण गरिएको 'तियानहुई-७' उपग्रह स्थानीय समयअनुसार दिउँसो १२:१२ बजे उडान भरेको हो। प्रक्षेपण केन्द्रका अनुसार उपग्रह तोकिएको कक्षमा सफलतापूर्वक प्रवेश गरिसकेको छ।

यो उपग्रह मुख्य रूपमा भौगोलिक नक्साङ्कन,



भूमिस्रोत सर्वेक्षण तथा वैज्ञानिक अनुसन्धानका कार्यमा प्रयोग गरिने बताइएको छ। उक्त प्रक्षेपण लङ मार्च रकेट श्रृंखलाको ६२२ औं उडान मिसन हो।

चीनको अन्तरिक्ष प्रविधि तथा पृथ्वी अवलोकन क्षमतामा यो प्रक्षेपणले थप प्रगति दर्शाएको छ।

# साउदी अरेबियाद्वारा यमनको बन्दरगाहमा हवाई आक्रमण, अबु धाबीलाई चेतावनी



एपी । साउदी अरेबियाले मङ्गलबार यमनको बन्दरगाह सहर मुकल्लामा हवाई आक्रमण गरेको छ। राज्यले यसलाई संयुक्त अरब इमिरेट्स (युएई) बाट आएको पृथकतावादी शक्तिका लागि हतियार ढुवानीको रूपमा वर्णन गरेको छ र अबु धाबीलाई चेतावनी दिएको छ कि यसका कार्यहरू 'अत्यन्त खतरनाक' छन्।

यो आक्रमणले साउदी अरब र युएई समर्थित दक्षिणी ट्रान्जिसनल काउन्सिलबीचको तनावलाई बढाएको छ। यमनमा हुथी विरोधी फौजले युएईसँगको सहयोग तोड्दै २४ घण्टाभित्र आफ्ना सैनिक खाली गर्न आदेश दिएको छ र आक्रमणपछि विमानस्थल तथा बन्दरगाहहरूमा ७२ घण्टे प्रतिबन्ध जारी गरेको छ।

साउदी प्रेस एजेन्सीले जहाजहरूमा अशक्त ट्र्याकिङ उपकरणसहित हतियार र बख्तरबन्द सवारी साधन ढुवानी भएको र त्यसलाई लक्षित गरी सीमित हवाई आक्रमण गरिएको बताएको छ। आक्रमणबाट कुनै ठूलो हताहत भएको पुष्टि भएको छैन।

विश्लेषकहरूले यो आक्रमण दक्षिणी ट्रान्जिसनल काउन्सिलको अगाडि बढ्ने कदमलाई रोक्न र हदरामौत र महराका प्रान्तहरू छोड्न चेतावनी स्वरूप भएको विश्लेषण गरेका छन्।

मुकल्ला यमनको हदरामाउट गवर्नरेटमा अवस्थित छ, जुन हाल काउन्सिलको नियन्त्रणमा छ र दक्षिण यमनलाई अलग्गै राष्ट्र बनाउन चाहने राजनीतिक आन्दोलनको केन्द्र बनेको छ।

यस घटनाले साउदी अरब र युएईबीचको सम्बन्धमा दबाब सिर्जना गरेको छ। हालैका वर्षहरूमा यी दुई राष्ट्र घनिष्ठ भए तापनि क्षेत्रीय प्रभाव र व्यापारमा प्रतिस्पर्धा पनि बढेको छ। साउदी विदेश मन्त्रालयले यस आक्रमणसँग युएईको हालैका कार्यहरू प्रत्यक्ष रूपमा जोड्दै 'अत्यन्त खतरनाक' भएको जनाएको छ।

# दक्षिण कोरियाली राष्ट्रपति लीको चीन भ्रमण



एपी । दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङले आफ्ना समकक्षी सी जिनपिङको निमन्त्रणामा आगामी आइतबारदेखि बुधबारसम्म चीन भ्रमण गर्ने योजना बनाउनुभएको छ। यो भ्रमण सन् २०१९ पछि दक्षिण कोरियाली नेताको पहिलो चीन भ्रमण हुनेछ।

ली र सीले अन्तिम पटक नोभेम्बरमा दक्षिण कोरियाली सहर ग्योङ्जुमा आयोजित एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनको अवसरमा भेट्नुभएको थियो। यस भ्रमणमा राष्ट्रपति लीले आफ्ना पूर्ववर्ती युन सुक येओलको नेतृत्वमा बिग्रिएका द्विपक्षीय सम्बन्धहरूलाई सुधार्ने र चीनसँग पुनःस्थापना गर्ने प्रयासमा केन्द्रित हुने अपेक्षा गरिएको छ।

सियोलले दशकौँदेखि चीन र यसको मुख्य सुरक्षा ग्यारेन्टर संयुक्त राज्य अमेरिकाबीच सन्तुलन कायम राख्दै आएको छ। सन् २०१६ मा अमेरिकामा निर्मित थाड क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली तैनाथ गर्ने निर्णयपछि चीनसँगको सम्बन्ध बिग्रिएको थियो। त्यसपछि बेइजिङले दक्षिण कोरियाली व्यवसायमा आर्थिक प्रतिबन्ध लगाएको र समूह भ्रमणहरूमा रोक लगाएको थियो।

सांस्कृतिक विवादहरू, जस्तै कोरियाली परिकार किम्चीको उत्पत्ति सम्बन्धी चीनको दाबीले पनि दक्षिण कोरियाली जनमतमा असर पारेको छ। सन् २०२२ मा पहिलो पटक गरिएको मतदानमा दक्षिण कोरियालीहरूले जापानभन्दा चीनप्रति बढी अविश्वास व्यक्त गरेका थिए र यो प्रवृत्ति पछिल्ला वर्षहरूमा जारी छ।

प्राविधिक रूपमा उत्तर कोरियासँग युद्ध अवस्थामा रहेको दक्षिण कोरियाले बेइजिङसँगको सम्बन्धलाई पनि संवेदनशील रूपमा व्यवस्थापन गर्दै आएको छ। गत महिना राष्ट्रपति लीले चिनियाँ नेतालाई उत्तर कोरियासँग बिग्रिएको सम्बन्ध सुधार्ने सियोलको प्रयासमा साझेदारका रूपमा प्रस्तुत गर्नु भएको थियो।

यसैबीच चीनसँग बढ्दो विवादमा दक्षिण कोरिया जापानको पक्षमा रहने हो कि भन्ने पत्रकारहरूले सोधेका प्रश्नमा राष्ट्रपति लीले भन्नुभयो, "पक्ष लिनुले केवल तनाव बढाउँछ।"

# नयाँ वर्षको स्वागतमा व्यग्र पोखरा

गण्डकी । सन् २०२५ बिदा हुँदैछ । सारा विश्व सन् २०२६ को प्रतिक्षामा छ । पर्यटकीय राजधानी सहर पोखरा पनि यतिबेला नयाँ वर्षको स्वागतमा व्यग्र छ । रङ्गीचङ्गी तुल, ध्वजापतका र प्रवेशद्वारले पोखराको लेकसाइड क्षेत्र सिँगारिएको छ । नयाँ वर्षको छेकोमा आयोजित सडक महोत्सवले लेकडसाइडमा बेग्लै चहलपहल छ । पसल र रेष्टुराँबाट निस्कने सङ्गीतको मधुर धुनसँगै आगन्तुकहरू आहोरदोहोर गरिरहेका देखिन्छन् । सडक छेउछाउ राखिएका व्यावसायिक कक्षमा किनमेल गर्नेको भीड छ ।




मौलिक झाँकी, नृत्यदेखि साङ्गीतिक 'कन्सर्ट'मा पर्यटक झुमिरहेका छन् । लेकसाइडको साढे तीन किमी सडकमा महोत्सव चलिरहेको छ । आइतबारदेखि सुरु भएको महोत्सव बिहीबारसम्म चल्ने आयोजक रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराका अध्यक्ष विश्वराज पौडेलले बताउनुभयो । अङ्ग्रेजी नयाँ वर्षका अवसरमा यस महोत्सव २७औँ संस्करणसम्म आइपुगेको उहाँको भनाइ छ । यस वर्षको महोत्सवमा पाँच लाख पर्यटक भित्र्याउने लक्ष्य लिइएको अध्यक्ष पौडेलले बताउनुभयो ।

'सडकमै खाऔँ, सडकमै नाचौँ, सडकमै रमाऔँ' भन्ने मूल मन्त्रका साथ महोत्सव आयोजना गरिएको हो । "आयोजक रेवान भए पनि यो सबै पर्यटन व्यवसायी र पोखरेलीहरूको उत्सव हो", उहाँले भन्नुभयो, "महोत्सवमा संस्कृति र सङ्गीतको समायोजन गरिएको छ, मनोरञ्जनसँगै व्यवसाय प्रवर्द्धनका सडक महोत्सव सफल हुने हाम्रो विश्वास छ ।"

नयाँ वर्षको स्वागतका लागि बुधबार राति स्थानीय गोमागाने पार्कमा विशेष साङ्गीतिक उत्सवको आयोजना गरिएको छ । जहाँ पोखराली ब्यान्ड डी-मर्चा, लेकाली, देउराली, एक्स नेपथ्यलगायत गुञ्जिने भएका छन् । महोत्सवमा हस्तकला सामग्री र कृषि उपजलाई बिक्री तथा प्रदर्शनमा राखिएको छ । पोखराको पहिचान झल्काउने वृत्तचित्र र तस्बिर प्रदर्शनी भइरहेको छ ।


सबै उमेर समूहका पर्यटकलाई लक्षित गरी विविध मनोरञ्जनात्मक गतिविधि र खेलकुदको समेत आयोजना गरिएको छ । सिन्धुलीको पञ्चेबाजा, थारू नाचसहित गुरुङ, मगरहरूको सांस्कृतिक नाच र गीतले महोत्सवमा मौलिकता थपेको छ । सोमबार 'जिम्मेवार पर्यटन' विषयमा विज्ञहरूसहितको सडक बहस आयोजना गरिएको थियो । वेटर्स दौड, डुङ्गा दौड जस्ता प्रतियोगिताले महोत्सवमा दर्शक आकर्षित गरेको छ । आज ल्होसार विशेष कार्यक्रमसहित साँझ 'स्वप्न सुमन र केहर एन्ड द लुङ्गा' ब्यान्डले प्रस्तुति दिँदैछ । बुधबार मध्यरातमा विशेष साङ्गीतिक उत्सवसहित सन् २०२६ लाई स्वागत गरिनेछ ।

विश्व पर्यटन बजारमा चिनिएको पोखरा पछिल्लो समय नयाँ वर्षको गन्तव्यका रूपमा स्थापित भएको होटल सङ्घ, पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो । उहाँले अङ्ग्रेजी नयाँ वर्षको पूर्वसन्ध्यामा लेकसाइडका होटल तथा रेष्टुराँ पाहुनाले भरिभराउ रहेको बताउनुभयो । "केही दिनयता होटलको अकुपेन्सी ७५ प्रतिशतसम्म पुगेको छ, नयाँ वर्षका लागि अधिकांश होटल बुकिङ भइसकेका छन्", अध्यक्ष सुवेदीले भन्नुभयो, "आन्तरिकसँगै विदेशी पर्यटकको पनि चहलपहल बढेको छ, विदेशीमा भारतीय पर्यटक धेरै छन् ।"

पोखरामा हाल एकै रातमा झण्डै ४० हजार पर्यटकलाई राख्न सक्ने होटलहरूको क्षमता छ । सडक महोत्सवलाई लक्ष्य गरेर पोखरामा रात्रिकालीन बस सेवासमेत सञ्चालन गरिएको छ । लेकसाइडका डिस्को, बार, क्लब जस्ता मनोरञ्जनस्थल चौबिसै घण्टा खुला गरिएको छ । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले सडक महोत्सवले पोखराको पर्यटकीय गतिविधिलाई चलायमान बनाएको बताउनुभयो ।

उहाँले स्थानीय अर्थतन्त्र उकास्न र व्यवसायीहरूको मनोबल बढाउन पनि मेला-महोत्सव आयोजना भइरहनुपर्ने धारणा राख्नुभयो । नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले सडक महोत्सवले आर्थिकसँगै पोखराको पर्यटकीय गतिविधिमा टेवा पुग्ने बताउनुभयो । "पोखरामा हुने यस्ता उत्सवहरूले यहाँको पर्यटनलाई प्रवर्द्धन गर्छ, पर्यटन फस्टायो भने आर्थिक अवसर सिर्जना हुन्छ, पोखराको आर्थिक रुपान्तरणको प्रमुख स्रोत पर्यटन हो", उहाँले भन्नुभयो । रासस

# अनुदानमा कृषि औजार वितरण



चितवन । भरतपुर महानगरपालिकाभित्र रहेका ५६ कृषक समूह र सहकारीलाई कृषि कार्यमा प्रयोग हुने औजार अनुदानमा वितरण गरिएको छ । महानगरपालिकाको ५० प्रतिशत अनुदानमा ती संस्थालाई ७७ वटा उपकरण प्रदान गरिएको हो ।

नगर प्रमुख रेनु दाहालका अनुसार कर्न सेलर २८ थान, मकै रोप्ने मेसिन १३ थान, चापकटर १३ थान, रिपर आ थान, मिनि टेलर सात थान हस्तान्तरण गरिएको छ । यस्तै थेसर दुई थान, आठर (गहुँ, तोरीमा प्रयोग हुने) रोटाभेटर, कुटानी मिल, पावर टेलर, डिजिटल काटा हाइरो एक/एक थान प्रदान गरिएको छ । महानगरले १२ प्रकारका उपकरणमा रु २० लाख ६६ हजार अनुदान प्रदान गरेको हो । रासस

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०९/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

**ऋणीको विवरण**

**१.** धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रही कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७ साल भाद्र महिना २४ गते रोज ४ मा दर्ता नं. २४१२२८/०७७/०७८ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७७/०५/२४ मा स्थायी लेखा नम्बर (PAN) ६०९७८९६३४ अन्तर्गत दर्ता कायम भएको **सेजा पोल्ट्री फार्म प्रा.लि.** ।

**२.** धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग जनकपुर, धनुषामा मिति २०७५ साल माघ महिना १६ गते मा प्रा.फ.र.नं. १२६२७/१३३८/२०७५/०७६ स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७५/१०/१६ मा स्थायी लेखा नम्बर (PAN) ६०९१५६१२० अन्तर्गत दर्ता कायम भएको **सेजा फिड सेन्टर** ।

**प्रोप्राईटर : जेकसन हमाल ठकुरी**

**ऋणी तथा ऋणी १ र ऋणी २ को व्यक्तिगत जमानीकर्ताको विवरण**

**३.** छत्र बहादुर हमालको नाति, नर बहादुर हमालको छोरा, धनुषा जिल्ला, भरतपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. ४ बस्ने **जेकसन हमाल ठकुरी** (ना.प्र.नं. १२८८७९६१, जारी मिति २०६१/०४/१८, जि.प्र.का. धनुषा) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. नर बहादुर ठकुरीको बुहारी, जेकसन हमाल ठकुरीको पत्नी, धनुषा जिल्ला, साविक गणेशमान चारनाथ न.पा. वडा नं. २ बस्ने **समिक्षा कार्की** (ना.प्र.नं. १७-०१-७६-०३२८८, जारी मिति २०७६/०२/२१, जि.प्र.का. धनुषा) । | २. छत्र बहादुर हमालको बुहारी, नर बहादुर ठकुरीको पत्नी, धनुषा जिल्ला, साविक भरतपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. २ बस्ने **केशर कुमारी ठकुरी** (ना.प्र.नं. १२८८३३३६, जारी मिति २०४६/१०/०८, जि.प्र.का. धनुषा) । |

**धितोको विवरण**

१. **ऋणी १ को नाममा धितोबन्धकी कायम भई ऋणी २ को नाममा दोहोरो धितोबन्धक लिखत कायम रहेको** सेजा पोल्ट्री फार्म प्रा.लि. को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक रघुनाथपुर गा.वि.स./न.पा. वडा नं. ९ नक्सा सिट नं. ९ घ स्थित कि.नं. १९५ र २८५ को क्षेत्रफल क्रमश: ०-४-० र ०-६-६.५ (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. **ऋणी १ को नाममा धितोबन्धकी कायम भई ऋणी २ को नाममा दोहोरो धितोबन्धक लिखत कायम रहेको** जेकसन हमाल ठकुरी (ना.प्र.नं. १२८८७९६१, जारी मिति २०६१/०४/१८, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक भरतपुर गा.वि.स./न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ घ स्थित कि.नं. ४५१ को क्षेत्रफल ०-१-१० (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. **ऋणी १ र ऋणी २ को नाममा संयुक्त धितोबन्धक लिखत कायम रहेको** जेकसन हमाल ठकुरी (ना.प्र.नं. १२८८७९६१, जारी मिति २०६१/०४/१८, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, साविक धमौरा गा.वि.स./न.पा. वडा नं. १ नक्सा सिट नं. १ क स्थित कि.नं. २१६९, १८८०, १२१० र १८८४ को क्षेत्रफल क्रमश: ०-१-०, ०-१-१८.२५, ०-२-६.५ र ०-०-५ (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

४. **ऋणी १, ऋणी २ र ऋणी ३ को पक्षमा संयुक्त धितोबन्धक लिखत कायम रहेको** जेकसन हमाल ठकुरी (ना.प्र.नं. १२८८७९६१, जारी मिति २०६१/०४/१८, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक भरतपुर गा.वि.स./न.पा. वडा नं. १ नक्सा सिट नं. १ ख स्थित कि.नं. ६९० र ६७८ को क्षेत्रफल क्रमश: ०-८-१० र ०-२-८ (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

५. **ऋणी १ को नाममा धितोबन्धकी कायम भई ऋणी २ को नाममा दोहोरो धितोबन्धक लिखत कायम रहेको** जेकसन हमाल ठकुरी (ना.प्र.नं. १२८८७९६१, जारी मिति २०६१/०४/१८, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक हरिहरपुर गा.वि.स./न.पा. वडा नं. २ नक्सा सिट नं. २ ख स्थित कि.नं. ४१७ को क्षेत्रफल ०-२-० (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

६. **ऋणी १ र ऋणी २ को नाममा संयुक्त धितोबन्धक लिखत कायम रहेको** समिक्षा कार्की (ना.प्र.नं. १७-०१-७६-०३२८८, जारी मिति २०७६/०२/२१, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक लवटोली गा.वि.स./न.पा. वडा नं. १ नक्सा सिट नं. १ ख स्थित कि.नं. ३४१ र ३२८ को क्षेत्रफल क्रमश: ०-०-५ र ०-०-१५ (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

७. **ऋणी १ को नाममा धितोबन्धकी कायम भई ऋणी २ को नाममा दोहोरो धितोबन्धक लिखत कायम रहेको** समिक्षा कार्की (ना.प्र.नं. १७-०१-७६-०३२८८, जारी मिति २०७६/०२/२१, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक तल्लो गोदार गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ ख स्थित कि.नं. ७४८ को क्षेत्रफल ०-२-० (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

८. **ऋणी १ को नाममा धितोबन्धकी कायम भई ऋणी २ को नाममा दोहोरो धितोबन्धक लिखत कायम रहेको** समिक्षा कार्की (ना.प्र.नं. १७-०१-७६-०३२८८, जारी मिति २०७६/०२/२१, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक भरतपुर गा.वि.स./न.पा. वडा नं. ९ नक्सा सिट नं. ९ ख स्थित कि.नं. २०२ र १०७४ को क्षेत्रफल क्रमश: ०-२-० र ०-३-० (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

९. **ऋणी १, ऋणी २ र ऋणी ३ को पक्षमा संयुक्त धितोबन्धक लिखत कायम रहेको** केशर कुमारी ठकुरी (ना.प्र.नं. १२८८३३३६, जारी मिति २०४६/१०/०८, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक भरतपुर गा.वि.स./न.पा. वडा नं. ८ नक्सा सिट नं. ८ ग स्थित कि.नं. ५७९ को क्षेत्रफल ०-८-१३१/२ (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

१०. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी सेजा पोल्ट्री फार्म प्रा.लि. कायम भएको तपसिल बमोजिमको सवारी साधन :

| सवारी मोडेल | सवारी दर्ता नं. | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|
| Ford Ecosport Titanium 1.5 | बाग्मती प्रदेश ०१ ०२५ च ७४०६ | MR39158 | MAJAXXMRKA-MR39158 |

११. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी सेजा फिड सेन्टर कायम भएको तपसिल बमोजिमको सवारी साधन :

| सवारी मोडेल | सवारी दर्ता नं. | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|
| GUN126R-DTFHH (Toyota Hi-Lux) | प्रदेश ०३ ०१ ०२४ च १५१२ | 1GD-4800060 | MROBA8CD700234589 |

१२. सेजा पोल्ट्री फार्म प्रा.लि. को स्वामित्वमा रहेको स्थिर सम्पत्ति, मालसामान तथा आय प्राप्ती (Fixed Assets, Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

१३. सेजा फिड सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Fixed Assets, Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank

शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com

## नेपालगञ्जका होटलमा विशेष प्याकेज

नेपालगञ्ज । नेपालगञ्जमा रहेका होटलले अङ्ग्रेजी नयाँ वर्ष २०२६ मा एक साताका लागि विशेष प्याकेज घोषणा गरेका छन् ।

खासगरी यहाँ रहेका तारे होटलले 'क्रिसमस डे' बाट लागू हुनेगरी र साना होटलले खाना तथा आवासमा छुट दिनेगरी प्याकेज बनाएका हुन् ।

नेपालगञ्जको कारकाँदोमा रहेको तारे होटल सिद्धार्थ भ्यूले 'न्यू इअर इभ' मा विशेष कार्यक्रम आयोजना गर्दै आवास तथा खानमा विशेष छुटको घोषणा गरेको छ । होटलका प्रबन्धक बद्री कोइरालाले खानामा १५ प्रतिशत र आवासमा ४० प्रतिशत छुट रहेको रासससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आगन्तुक पाहुनाले कस्तो प्याकेज मन पराउनुहुन्छ । त्यस्तै प्रकारको प्याकेज पाउन सक्नुहुन्छ ।"

सो प्याकेज यही पुस १० देखि १७ गतेसम्म एक साताका लागि रहने कोइरालाको भनाइ छ । प्रबन्धक कोइरालाले बुधबार हुने 'न्यू इअर इभ' मा चर्चित गायक प्रकाश सपुतलगायतका कलाकारको प्रस्तुति रहने जानकारी दिनुभयो ।

अर्को तारे होटेल स्टार लाइटले पनि 'न्यू इअर इभ' मा विशेष कार्यक्रम आयोजना गर्दै छुटको घोषणा गरेको छ । सो कार्यक्रममा प्याकेज अनुसारको छुट रहेको उल्लेख गर्दै आवासमा समेत छुट दिन सकिने जनाएको छ ।

"युवा पुस्तालाई आकर्षण गर्नेगरी प्याकेज बनाएका छौँ," स्टार लाइट होटेलका अप्रेसन म्यानेजर रचित श्रेष्ठले भन्नुभयो । उहाँले २०२५ को अन्तिम दिन अर्थात् बुधबार विशेष कार्यक्रममा चर्चित कलाकारहरूको प्रस्तुति रहने बताउनुभयो । रासस

### राष्ट्रिय च्याउ दिवसः

# नेपालमा एक हजार १५० प्रजातिका च्याउ, सय प्रजातिका विषालु

काठमाण्डु । च्याउको महत्व प्रचारप्रसारमार्फत गुणस्तरीय च्याउ उत्पादन प्रवर्द्धन, खाद्य तथा पोषण सुरक्षा अभिवृद्धिका लागि आन्तरिक खपत वृद्धि, आपात प्रतिस्थापन र निर्यात प्रवर्द्धन समेतमा टेवा पुऱ्याउने उद्देश्यले आज प्रथम राष्ट्रिय च्याउ दिवस मनाइँदैछ । नेपाल सरकारबाट यही पुस ११ गते भएको निर्णयबमोजिम आज प्रथम राष्ट्रिय च्याउ दिवस मनाउन लागिएको हो ।



नेपालको कृषि गार्हस्थ्य उत्पादनमा ० दशमलव १५ प्रतिशत योगदान रहेको एवं करिब ३५ हजार किसान प्रत्यक्ष संलग्न रहेको च्याउ उपक्षेत्र साना तथा मझौला कृषकको आयआर्जनको माध्यमका रूपमा रहेको छ । मन्त्रालयका अनुसार नेपालमा एक हजार १५० प्रजातिका च्याउमध्ये १४७ प्रजाति खानयोग्य, ७० प्रजाति औषधीय गुणयुक्त र १०० प्रजाति विषालु रहेको विभिन्न अध्ययनले देखाएको छ ।

विगत केही वर्षदेखि उद्यमी एवं सरकारको साथ र सहयोगका कारण च्याउको व्यावसायिक उत्पादन प्रवर्द्धन भई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको आधार तय हुँदै गएको छ । कृषि विभागका महानिर्देशक प्रकाशकुमार सन्जेलका अनुसार आर्थिक वर्ष २०८१/८२ मा रु ६ लाख ७१ हजार बराबरको दुई हजार २६२ किलो ताजा वा चिस्यान गरिएको गोब्रे च्याउ आयात भएको थियो । त्यस्तै रु एक करोड एक लाख बराबरको १७ हजार १९८ किलो च्याउ निर्यात भएको मन्त्रालयको तथ्याङ्क छ ।

त्यसैगरी, पछिल्लो समय सुकाएको च्याउसमेत निर्यात हुन थालेको छ । अन्य खेतीभन्दा छिटो उत्पादन लिन सकिने, न्यून जमिन तथा कृषि सामग्रीको प्रयोगबाट समेत उत्पादन लिन सकिने र नेपालको भौगोलिक एवं जलवायु विविधताका कारण वर्षभरि उत्पादन गर्न सकिने च्याउ खेतीको व्यावसायिक उत्पादन एवं मूल्य शृङ्खला विकास स्वदेशमा रोजगारी सृजना, कृषि अर्थतन्त्रमा योगदान एवं आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि महत्वपूर्ण रहेको छ ।

हाल नेपालको ७० जिल्लामा च्याउ खेती विस्तार भएको छ भने ४० जिल्लामा व्यावसायिक रूपमा च्याउ उत्पादन गर्ने किसान रहेका छन् । मुलुकभर विभिन्न जातको च्याउ उत्पादन र यसको कारोबार करिब रु २० अर्बको हाराहारी रहेको च्याउ उत्पादन किसान सङ्घ नेपालका अध्यक्ष सन्तोष कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार नेपालमा सर्वप्रथम गोब्रे च्याउको उत्पादन र अनुसन्धानपश्चात् २०३०/३१ सालमा गोब्रे च्याउको खेती प्रविधिसम्बन्धी अनुसन्धान भएको हो ।

राष्ट्रिय कृषि अनुसन्धान परिषद्अन्तर्गत बाली रोग विज्ञान महाशाखाबाट च्याउखेती प्रविधिसम्बन्धी अध्ययन सफल भएपछि २०३७ सालदेखि देशका विभिन्न स्थानका किसानलाई च्याउखेती प्रविधिसम्बन्धी तालिम दिई यसको विस्तार गर्ने कार्य भएको हो । विसं २०३४/३५ सालदेखि नै काठमाडौँको बलम्बु, चापागाउँ, दधिकोट हुँदै नेपालका विभिन्न स्थानमा निरन्तर च्याउखेती गरिँदै आइएको छ ।

च्याउ उत्पादन प्रवर्द्धन एवं व्यवसायीकरण कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्राथमिकतामा रहँदै आएको छ । हाल च्याउ प्रविधि विस्तार, बजारीकरण प्रवर्द्धन एवं नीतिगत सहजीकरणमार्फत मूल्य शृङ्खला विकासका लागि कृषि विभागअन्तर्गत व्यवसायिक कीट विकास केन्द्रबाट कार्यक्रम सञ्चालन हुँदै आएका र अनुसन्धान एवं गुणस्तरीय बीउ आपूर्तिका लागि नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत राष्ट्रिय बालीरोग अनुसन्धान केन्द्रबाट कार्यक्रम सम्पादन हुँदै आएको छ ।

दिवसका अवसरमा कृषिमन्त्री डा मदनप्रसाद परियारले च्याउ उत्पादक, उद्यमी, उपभोक्ता एवं सरोकारवालामा शुभकामना व्यक्त गर्दै दिवसले च्याउ मूल्य शृङ्खलामा आबद्ध उद्योगी, किसान, अनुसन्धानकर्ता र व्यवसायीबीच सहकार्य तथा साझेदारी बढाई दीर्घकालीन व्यावसायिक सम्बन्धलाई बलियो बनाइने बताउनुभयो । उहाँले च्याउको पोषण र आर्थिक महत्वबारे सचेतना अभिवृद्धि गर्ने, किसानलाई नयाँ प्रविधि र बजारका अवसरमा जोड्ने तथा आगामी दिनमा नीतिगत मार्गदर्शन गर्ने अपेक्षा गरेको उल्लेख गर्नुभयो ।

मन्त्री डा परियारले दिवसलाई महोत्सवका रूपमा मनाउँदै गर्दा आगामी दिनमा यस क्षेत्रको थप प्रवर्द्धनका लागि अध्ययन, अनुसन्धान, पूर्वाधार विकास एवं बजारीकरण प्रवर्द्धनमा संलग्न सरोकारवालालाई समन्वय र सहयोगका लागिसमेत आह्वान गर्नुभएको छ । रासस

# सडक मर्मतमा ढिलाइ गरिए निर्माण व्यवसायीले 'पेनाल्टी' तिर्नुपर्ने हुन्छः मन्त्री घिसिङ

काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले सडक मर्मत ढिलाइ गरेमा निर्माण व्यवसायीले 'पेनाल्टी' तिर्नुपर्ने बताउनु भएको छ ।



समयमै काम सम्पन्न नगरेमा पेनाल्टी तिर्नुपर्ने व्यवस्था लागू गरिने र आवश्यक परे ठेक्का नै रद्द गर्न बाध्यता हुने उहाँले बताउनु भएको हो ।

आज सडक बोर्ड नेपालको २३औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मन्त्री घिसिङले तोकिएको समयसीमाभित्र सडक निर्माण तथा मर्मत नसक्ने निर्माण व्यवसायीप्रति सरकार अब सहनशील नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "कम रकममा ठेक्का लिएर समयमै काम नगर्ने र बारम्बार ढिलाइ गर्ने कतिपय निर्माण व्यवसायीको हामीले ठेक्का रद्द गरेका छौँ । यो सरकारको रहर होइन, बाध्यता हो । अब सडक मर्मतमा ढिलाइ गरिए पेनाल्टी तिर्नुपर्ने अवस्था आउँछ ।"

देशभर सुधार गर्नुपर्ने सडकको सङ्ख्या अत्यधिक रहे पनि सीमित बजेटका कारण सबै सडक समयमै मर्मतसम्भार गर्न नसकिएको उहाँको भनाइ छ । "सङ्घ, प्रदेश र स्थानीय तहबाट सडक मर्मतका लागि निरन्तर माग आइरहेको छ," उहाँले भन्नुभयो, "तर बजेटको सीमितताले गर्दा सबै माग तत्काल सम्बोधन गर्न सकिरहेका छैनौँ ।"

कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले सडक निर्माण मात्र विकासको सूचक नभएको स्पष्ट पार्नुभयो । उहाँले सडक उपभोग योग्य नबनेसम्म विकास अधुरो रहने उल्लेख गर्दै भन्नुभयो, "विकास भनेको सडक बनाएर मात्रै हुँदैन । बनेको सडकमा सवारी साधन सहज रूपमा चल्नुपऱ्यो । बिग्रेका सडक समयमै मर्मत गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता हो ।"

सडक बोर्ड नेपालका कार्यकारी निर्देशक गणेशबहादुर केसीले समयमै मर्मतसम्भार नगरिँदा सडकको लागत तीनदेखि चार गुणासम्म बढ्ने गरेको तथ्य औँल्याउनुभयो । रासस

# च्याउ उत्पादन र प्रवर्द्धन मन्त्रालयको प्राथमिकतामा रहँदै आएको छः मन्त्री डा परियार

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियारले च्याउ उत्पादन, प्रवर्द्धन तथा व्यावसायीकरण मन्त्रालयको प्राथमिकतामा रहँदै आएको बताउनुभएको छ ।

राष्ट्रिय च्याउ दिवसका अवसरमा आज शुभकामना दिँदै मन्त्री डा परियारले प्रविधि विस्तार, बजारीकरण तथा प्रवर्द्धन गर्न कृषि विभाग अन्तर्गतको व्यावसायिक कीट विकास केन्द्रले विभिन्न कार्यक्रम सञ्चालन गर्दैआएको बताउनुभयो ।

गुणस्तरीय च्याउ उत्पादन र प्रवर्द्धन, खाद्य तथा पोषण सुरक्षा अभिवृद्धिका लागि आन्तरिक खपत वृद्धि, आघात प्रतिस्थापन र निर्यात प्रवर्द्धन समेतमा टेवा पुऱ्याउने उद्देश्यले हरेक वर्ष पुस १५ गते राष्ट्रिय च्याउ दिवस मनाउने सरकारले निर्णय गरेबमोजिम पहिलो पटक राष्ट्रिय च्याउ दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपालको कृषि गार्हस्थ्य उत्पादनमा ० दशमलव १५ प्रतिशत योगदान रहेको तथा करिब ३५ हजार किसान प्रत्यक्ष संलग्न रहेको च्याउ उपक्षेत्र साना तथा मझौला कृषकको आयआर्जनको माध्यमका रूपमा रहेको तथ्याङ्क छ । नेपालमा एक हजार १५० प्रजातिका च्याउमध्ये १४७ प्रजाति खानयोग्य, ७० प्रजाति औषधीय गुणयुक्त र १०० प्रजाति विषालु रहेको विभिन्न अध्ययनले देखाएको छ ।रासस

# मधेशबाट कांग्रेसको समानुपाति सूचीमा १९ जना

**टुडे समाचारदाता**

जनकपुरधाम । आउंदो फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनको लागि विभिन्न दलसहित कांग्रेसले पनि समानुपातिक सूची बुझाएको छ।

११० जना उम्मेदवार मध्ये मधेश प्रदेशबाट २० जनाको नाम सूचीमा समावेश गरिएको छ । जसमध्ये पूर्व राष्ट्रपति डा. रामवरण यादवका पुत्र डा. चन्द्रमोहन यादवको नाम दोहरिएको छ । दोहरिएको नाम हटाउंदो मधेश प्रदेशका ८ जिल्लाबाट १९ जनाको नाम विभिन्न समूहबाट परेको छ।

कांग्रेसले बुझाएको सूची अनुसार धनुषाबाट ६, महोत्तरीबाट २, सप्तरीबाट ३, सिरहा, सर्लाही, पर्साबाट १/१ जना, रौतहटबाट २ बाराबाट ३ जनाको नाम सिफारिस भएको छ।

सूची विवरण अनुसार धनुषाबाट डा. चन्द्र मोहन यादव, मनहरी श्रेष्ठ, रामसुन्दर महरा, परमिला महतो, औरमिला यादव, रामानन्द चौधरी (ललन), महोत्तरीबाट कंचनकुमारी पासवान, निनु कर्ण, सप्तरीबाट कविता यादव, चन्दन झा, महेन्द्र यादव, सिरहाबाट उषा राउत मिश्र, सर्लाहीबाट मो. अन्सार खाँ, पर्साबाट सुजाता देवी, बाराबाट रामनरेश कुशवाहा, राजेन्द्र अग्रवाल, प्रियंका दास र रौतहटबाट सहनाज खातुन, सीता थपालिया रहेका छन् ।

**नेताको नातेदारहरूको पनि नाम**

नेपाली कांग्रेसले नेपालको प्रथम राष्ट्रपति डा. रामवरण यादव र वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलको सन्तानको नाम समेटिएको छ। निर्वाचन आयोगमा बुझाएको समानुपातिक सूचीमा डा यादवका छोरा चन्द्रमोहन र रामचन्द्रकी छोरी संज्ञा पोखरेल पौडेलको नाम राखिएको हो ।

यस अगाडि समानुपातिकमा रहेकाहरूलाई यस पटक समावेश गरिएको छैन। तर अबको निर्वाचनमा उम्मेदवार बन्दिन भनेर सार्वजनिक घोषणा गरेका नुवाकोटका नेता अर्जुन नरसिंह केसी पनि समानुपातिक सूचीमा अटेका छन्। उनी महामन्त्री गगन थापाका ससुरा हुन् ।

केसीको नाम समानुपातिक सूचीमा राखेकोमा अहमती जनाउँदै थापाले सामाजिक सञ्जालमा लेखे ,'।नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीलाई मेरो प्रयासमा समानुपातिक सूचीमा राखिएको भन्ने हल्ला फैलाइएको रहेछ। म स्पष्ट पार्न चाहन्छु,यो मेरो चाहना विपरीत हो। मेरो अनुरोध र हर सम्भव प्रयास विपरीतको निर्णय हो ।"

# पोखरी सौन्दर्यकरणको ६७ करोड अलपत्र

**तत्कालीन मुख्यमन्त्री लालबाबु राउत सरकारले प्रदेशको पर्यटन प्रवर्द्धन तथा वातावरण संरक्षण गर्ने उद्देश्यले आर्थिक वर्ष ०७५/७६ र ०७६/७७ मा "मुख्यमन्त्री स्वच्छता अभियान"अन्तर्गत प्रदेशभरका ३८ वटा पोखरी सौन्दर्यीकरण योजना ल्याएको थियो । जसमा हालसम्म ६७ करोड लगानी पनि सकेको छ । तर हालसम्म ती पोखरीहरुको सौन्दर्यकरण सम्पन्न हुन सकेको छैन ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश सरकार गठन भए लगतै 'मुख्यमन्त्री स्वच्छता अभियान' भनेर गौरवको योजनाको रुपमा पोखरी सौन्दर्यकरणको आयोजना ल्याइयो । त्यसमा करोडौ रुपैया गरिएको लगानी ती योजना अलपत्रले खेर गएको देखिन्छ ।



तत्कालीन मुख्यमन्त्री लालबाबु राउत सरकारले प्रदेशको पर्यटन प्रवर्द्धन तथा वातावरण संरक्षण गर्ने उद्देश्यले आर्थिक वर्ष ०७५/७६ र ०७६/७७ मा 'मुख्यमन्त्री स्वच्छता अभियान'अन्तर्गत प्रदेशभरका ३८ वटा पोखरी सौन्दर्यीकरण योजना ल्याएको थियो । जसमा हालसम्म ६७ करोड लगानी पनि सकेको छ। तर हालसम्म ती पोखरीहरुको सौन्दर्यकरण सम्पन्न हुन सकेको छैन।

धनुषामा १२, सप्तरीमा दुई, सिराहामा दुई, महोत्तरीमा चार, सर्लाहीमा एक, रौतहटमा एक, बारामा चार, पर्सामा आठ र पूर्वाधार निर्देशनालय मातहतका चार गरी ३८ पोखरीमा सौन्दर्यकरणको काम सुरु गरिएको थियो ।

धनुषाका सोहरी पोखरी लक्ष्मस्निया, यादव टोल पोखरी धबौली, थुमोना पोखरी जनकपुर, भोइल पोखरी बभनगामा, पुर्नी पोखरी, आन्दन पोखरी, सुवाजी पोखरी कनकपट्टी, दीषणवारी टोल पोखरी कमला- ३ माचि, महोत्तरीका सुकदेव पोखरी सुगा, ब्रह्मस्थान पोखरी, लक्ष्मीसागर पोखरी, पैर्नी पोखरी इकरहिया, पर्साका नगवा पोखरी, मुरली पोखरी, छिपहरमाई पोखरी, लक्ष्मणवा पोखरी, निचुटा पोखरीमा सौन्दर्यकरणको काम शुरु गरिएको थियो ।

यस्तै सिराहाका चौरीदास पोखरी बरियारपट्टी, ओराही बभनटोली पोखरी, बाराका ऐसरा पोखरी सिम्रौनगढ, सर्लाहीको मलंगवा पोखरी, रौतहटको गढीमाई पोखरी, विनाग्रा पोखरी तथा सप्तरीको छिन्नमस्ता मन्दिर पोखरी लगायत सबैमा कार्य-इबिडिङ प्रक्रियामार्फत सौन्दर्यीकरण काम शुरु गरिएको थियो । तर काम सम्पन्न नहुँदै बजेट आभावमा २०७८ सालदेखि अलपत्र छन् ।

धनुषाको जनकपुरधाम उपमहानगरपालिका- १७ को सुवाजी पोखरीमा ६ वर्ष बितिसक्दा पनि पोखरी सौन्दर्यीकरण अझै अधुरो छ। वडा नम्बर ९ स्थित सरस्वती माध्यमिक विद्यालयको पोखरीमा पाँच करोड ३९ लाख ४० हजार ४०६ रुपैयाँमा ०७६ वैशाखमा निर्माण कम्पनीसँग सम्झौता भएको थियो । सम्झौताअनुसार निर्माण कम्पनीले तीनतिर पर्खाल निर्माण गरेर ७० लाख २१ हजार २२७ रुपैयाँ भुक्तानीसमेत पाइसकेको छ। तर, पछिल्ला ६ वर्षदेखि काम अलपत्र अवस्थामा छ ।

वीरगन्ज महानगरपालिका- १६ स्थित नगवा पोखरीमा प्रेरा-रञ्जन संयुक्त उपक्रम (जेभी) ललितपुरसँग १० करोड १ लाख ३० हजार ६०९ रुपैयाँको ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार काम १४ वैशाख ०७८ भित्र सम्पन्न हुनुपर्ने थियो, तर हालसम्म जम्मा ५० प्रतिशत मात्र काम भएकोमा निर्माण कम्पनीले हालसम्म ३ करोड ९७ लाख ८७ हजार ५७६ रुपैयाँ भुक्तानी पाइसकेको छ ।

मुख्यमन्त्री स्वच्छता अभियान शुरुवात गरिएका महोत्तरी गाउँपालिका-३, मडैस्थित ब्रह्मस्थान पोखरी सौन्दर्यीकरण योजना पनि अलपत्र अवस्थामा छ। पोखरी सौन्दर्यीकरणका लागि चार करोड ३३ लाख ११ हजार ६५० रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । यसमध्ये २ करोड ८० लाख ५३ हजार ६८० रुपैयाँ भुक्तानी भइसकेको भए पनि काम हालसम्म ५० प्रतिशत पनि काम भएको छैन ।

योजना कार्यान्वयन भइरहेका वेला कोभिड-१९ महामारीले करिब दुई वर्षसम्म काम ठप्प रहेका योजनालाई अघि बढाउनै लाग्दा ०७८ असोजमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छापा मारेर 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रम'सम्बन्धी फाइल लगेपछि स्वच्छता अभियान भौतिक पूर्वाधार विकास मन्त्रालयमा सारियो। त्यस बेलादेखि अघि बढन सकेका छैनन ।

भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका निमित्त सचिव सञ्जयप्रसाद साहले पर्याप्त बजेट नहुँदा पोखरी सौन्दर्यीकरण अभियाने अघि बढ्न नसकेको बताउंछन् । उनले भने योजना अघि बढाउन आवश्यक बजेट विनियोजन नहुँदा अधुरो अवस्थामा छन् । बजेट विनियोजन नभएको होइन, केही विनियोजन भएपनि त्यो नाम मात्रको योजना बचाउन गरिएको हो ।

उनका अनुसार ३८ वटा योजनाको बजेट करिब एक अर्ब ३५ करोड रुपैयाँ तोकिएको छ। जसमा ६७ करोड खर्च भइसकेको छ भने ६८ करोड रुपैयाँको बजेट सुनिश्चित भएमा अलपत्र योजनाको काम सम्पन्न गर्न सकिने मन्त्रालयले जनाएको छ।

लालबाबु राउतपछिका सरकार नेतृत्वकर्ताहरु जसपा नेपालका सरोज कुमार यादव, जनमतका सतिश सिंह सहितकाले सौन्दर्यकरणलाई ग्राहयता नदिई मधेश विश्वविद्यालय, कृषि विश्वविद्यालय र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानसहितका नयाँ योजनाहरु अघि सारेपछि बजेट अपुग अहिलेसम्म अलपत्र अवस्थामा छन् । सिंहपछि गत चार महिनादेखि सरकार नै स्थिर छैनन ।

पूर्व मुख्यमन्त्री सिंह भन्छन् 'म आउनुभन्दा पहिले नै यी कार्यक्रम लथालिंग अवस्थामा थिए। कतिपय योजनामा अख्तियारले अनुसन्धान गरिरहेको थियो, कतिपयको फाइल हराएको छ। अहिले त्यो कार्यक्रम भौतिक पूर्वाधार विकास मन्त्रालका जिल्ला भौतिक पूर्वाधार कार्यालयमा सारिएको छ। तर कुन योजनाको फाइल कहाँ छ भन्ने पत्ता लगाउन कठिन हुँदा काम गर्न सकेनौं ।

# लालबन्दी-सलेमपुर प्रसारण लाइनको काम अन्तिम चरणमा

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीस्थित लालबन्दी-सलेमपुर १३२ केभी प्रसारण लाइन आयोजनाको ग्रिड सबस्टेसन र विद्युत् प्रसारण स्तम्भ (इलेक्ट्रिकल टावर) निर्माणको काम अन्तिम चरणमा पुगेको छ।



सर्लाहीका आधा दर्जन पालिकामा भरपर्दो र व्यवस्थित किसिमले विद्युत् प्रवाह गर्ने उद्देश्यसहित चक्रघट्टा गाउँपालिका-१, औरहीमा ग्रिड सबस्टेसन निर्माण गर्ने र नवलपुरदेखि औरहीसम्म उच्च भोल्टेजको बिजुली लैजान टावर ठड्याउने काम पूरा हुने चरणमा पुगेको बताइएको छ।

२०७६ सालबाट सर्भे सुरु गरिएको प्रसारण लाइनको काम २०८३ कात्तिक २९ गतेसम्म सम्पन्न गरिसक्ने गरी ठेक्का सम्झौता रहेको छ।

आयोजनाका सूचना अधिकारी कुनाल चौधरीले अहिले सबस्टेसनमा वायरिङ गर्ने र बाँकी रहेका टावर ठड्याउने काम भइरहेको बताउनुभयो। उहाँका अनुसार अब प्रसारण लाइनमा मुख्य कामका रूपमा तार तान्ने काम मात्रै बाँकी रहेको छ।

प्रसारण लाइनको नौ मिटर दायाँबायाँको जग्गाधनीलाई मुआब्जा दिने निर्णय भए अनुसार हरिवन, बरहथवा र मलङ्गवास्थित नापी कार्यालयसँग समन्वय गरी छिट्टै जग्गा नापजाँचको काम अघि बढाउने तयारी रहेको आयोजनाका सूचना अधिकारी चौधरीले बताए । यो प्रसारण लाइनको काम पूरा भएपछि चक्रघट्टासहित मलङ्गवा, कविलासी, गोडैता र बरहथवा नगरपालिकामा विद्युत् प्रवाह गर्ने उद्देश्य रहेको उनको भनाई छ।

यी क्षेत्रमा अहिले नवलपुर स्थित ग्रिड सबस्टेसनबाट लामो प्रसारण लाइन हुँदै बिजुली लैजाँदा बारम्बार प्राविधिक समस्या आइरहेको प्राविधिकले बताएका छन्। केही वर्षअघि नवलपुरमा ग्रिड सबस्टेसन निर्माण गरेर बिजुली प्रवाह हुन थालेपछि जिल्लाको उत्तरी भेगमा भोल्टेज र अनियमित विद्युत् कटौतीको समस्या धेरै हदसम्म कम भएको छ।

नेपाल विद्युत् प्राधिकरणले भर्खरै हरिपूर्वा र गडहीया डुमिरयामा समेत सबस्टेसन निर्माण गरेर आसपासको क्षेत्रमा विद्युत् प्रवाह गर्दै आइरहेका छन् ।

# काउन्सील सदस्यमा डा. गोइत निर्वाचित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाकी डा. सारिका गोईत नेपाल मेडिकल काउन्सिलको सदस्यमा निर्वाचित भएकी छन् ।



नेपाल मेडिकल काउन्सिलको हालै सम्पन्न निर्वाचनमा धनुषा कमला नगरपालिका कमला नगरपालिका वडा नं. ३ लगमास्थित जन्मस्थान रहेकी डा. गोईत सदस्य पदमा निर्वाचित भएकी हुन् ।

मंगलबार सम्पन्न मत परिणाम अनुसार डा. गोईत सदस्यमा निर्वाचित भएकी हुन् । यसैगरी अन्य सदस्यहरुमा डा छविलाल पन्थी, डा. दिपेन्द्र पाण्डे, डा. योविन यादव, डा. अस्मिता पोखेल, डा. सम्राट पराजुली, डा. रविन बस्नेत र डा. नीना राईले जित हासिल गरेका छन् ।

धनुषा कमला नगरपालिकाका पूर्व मेयर समेत रहेका रामउदगार गोईतकी पुत्रीको रुपमा डा. गोईत रहेकी छिन् । सिरहामा उनी बर्धमान हस्पिटल प्रा. लि. का सँचालिकाको रुपमा समेत रहेकी छन् ।

काउन्सिलको एक उपाध्यक्ष र आठ सदस्य चयनका लागि काठमाडौं बाहिर ४ र ५ पुस तथा काठमाडौं उपत्यकामा ११ र १२ पुसमा मतदान सम्पन्न भएको थियो । निर्वाचित उपाध्यक्ष तथा सदस्यहरूको कार्यकाल चार वर्षको रहने व्यवस्था छ ।

# छात्रवृति पाउनेलाई सरकारले सम्मान गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । चिकित्सा शिक्षा आयोगबाट सञ्चालन गरिएको शैक्षिक सत्र २०८२ को एमबीबीएस प्रवेश परीक्षामा पूर्ण निःशुल्क छात्रवृत्तिमा उत्तीर्ण भएका मधेशी दलित समुदायका विद्यार्थीहरूलाई मधेश प्रदेश सरकारले सम्मान गर्ने भएको छ।




शिक्षा तथा संस्कृति मन्त्रालयले एक सूचना जारी गर्दै सम्मान कार्यक्रम आयोजना गर्न लागिएको जनाएको छ । एमबीबीएस प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल मधेशी दलित समुदायका विद्यार्थीहरूले आवश्यक कागजातसहित मन्त्रालयमा निवेदन पेश गर्नुपर्ने सूचनामा भनिएको छ। मन्त्रालयले पुष १८ गते शुक्रबार कार्यालय समयभित्र शिक्षा तथा संस्कृति मन्त्रालय, जनकपुरधाममा निवेदन बुझाउन अनुरोध गरेको छ।

मन्त्रालयले सार्वजनिक गरेको सूचनामा सम्मान कार्यक्रममा सहभागी हुन इच्छुक विद्यार्थीहरूले निवेदनसँगै आफ्नो सम्पर्क नम्बर खुलाइएको निवेदन पत्र, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, मधेशी दलित समुदायको प्रमाणपत्रको प्रतिलिपि, बैंकको नाम तथा खाता नम्बर, सम्बन्धित स्थानीय तहको सिफारिस तथा छात्रवृत्तिमा नाम प्रकाशित भएको आधिकारिक कागजात संलग्न गर्नुपर्ने सूचनामा भनिएको छ।

शिक्षा तथा संस्कृति मन्त्रालयका अनुसार यो कार्यक्रम मधेश प्रदेशका दलित तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई उच्च शिक्षातर्फ प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको हो।

कठिन प्रतिस्पर्धाका बीच चिकित्सा शिक्षा जस्तो महँगो र चुनौतीपूर्ण क्षेत्रमा पूर्ण छात्रवृत्तिमा सफलता हासिल गर्नु आफैंमा गर्वको विषय भएकाले प्रदेश सरकारले उनीहरूको उपलब्धिलाई औपचारिक रूपमा सम्मान गर्न लागेको मन्त्रालयको भनाइ छ।

मन्त्रालयका अधिकारीहरूले यस किसिमको कार्यक्रमले मधेशी दलित समुदायका अन्य विद्यार्थीहरूलाई पनि चिकित्सा शिक्षा लगायत उच्च शिक्षामा अघि बढ्न प्रेरणा मिल्ने विश्वास व्यक्त गरेका छन् । सम्मान कार्यक्रमको मिति र स्वरूप भने निवेदन संकलनपछि सार्वजनिक गरिने मन्त्रालयले जनाएको छ।

# मिनापको शपथग्रहण सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला नाट्य कला परिषद् (मिनाप) का नवनिर्वाचित पदाधिकारीहरूको शपथ ग्रहण तथा पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।



मंगलवार एक कार्यक्रमका बीच नवनिर्वाचित कार्यसमिति पदाधिकारीहरुलाई पद हस्तान्तरणपछि निर्वाचित पदाधिकारीहरुले औपचारिक रूपमा जिम्मेवारी सम्हालेका छन् ।

सो कार्यक्रममा अध्यक्ष मण्डलका संयोजक रमेश रञ्जन झाले नवनिर्वाचित कार्यसमितिलाई शपथ ग्रहण गराएका थिए भने निवर्तमान अध्यक्ष प्रमेश झाले नवनिर्वाचित अध्यक्ष सुनिल मल्लिकलाई माइन्युट रजिस्टर तथा कार्यालयको चाबी हस्तान्तरण गर्दै पद हस्तान्तरण गरेका थिए ।


अध्यक्ष पद सम्हाल्दै मल्लिकले मिथिला नाट्य कला परिषद्लाई अझ उचाइमा पुर्याउने लक्ष्यसहित योजनाबद्ध रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । उनले कलाकारहरूमा जिम्मेवारीबोध गराउँदै संस्थाको सशक्त विकासमा केन्द्रित भएर काम गर्ने बताए ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साह, महासंघ धनुषाका पूर्वअध्यक्ष उमेश साहलगायतको उपस्थिति रहेको थियो ।

# बलात्कार आरोपमा युवक पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरी प्रहरीले विवाहको प्रलोभन देखाई नाबालिका बलात्कार गरेको आरोपमा एक युवक पक्राउ गरेका छन् ।



बिहेको प्रलोभन देखाएर ललाई फकाई बलात्कार गरेको आरोपपछि प्रहरीले ती १७ वर्षीय युवकलाई अनुसन्धानका लागि पक्राउ गरेको हो ।

सोमबार सप्तरी जिल्ला अदालतबाट जबजस्ती करणी मुद्दामा सात दिनको म्याद थपेर आवश्यक अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुरी पुरीले बताएका छन् ।

पीडित बालिकाले घटनाबारे घरमा जानकारी गराएपछि अभिभावकले पीडकविरुद्ध किटानी जाहेरी दिएपछि नबालकलाई हिरासतमा राखेर जबरजस्ती करणी मुद्दामा अनुसन्धान भइरहेको प्रहरीले उनले बताए ।

पीडित बालिकाको स्थानीय गजेन्द्रनारायण सिंह अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# थप तीन दिन विद्यालयमा विदा

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्ज महानगरपालिकाले शीतलहर लम्बिएपछि दोस्रो पटक विद्यालय बिदा थप गरेको छ।



महानगरपालिकाले यसअघि पुस ७ गतेदेखि १४ गतेसम्म सामुदायिक र संस्थागत विद्यालयहरूमा पठनपाठन स्थगित गरेकोमा हाल थप तीन दिन बिदा बढाएको हो।

बुधबारदेखि शुक्रबारसम्म विद्यालय बन्द गरिएको महानगरपालिकाको कार्यालयले मंगलबार सूचना प्रकाशित गरी जनाएको छ । शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेले जारी गरेको सूचनामा मन्टेश्वरी र कोचिङ कक्षाहरुमा समेत बिदा दिइएको उल्लेख छ।

सूचना अनुसार पुस २० गतेदेखि मात्र विद्यालयहरू नियमित सञ्चालन हुने छन् । हालको बिदा वर्षे बिदाबाट कट्टा हुने गरी दिइएको महानगरले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८